# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १३ | अंक २८० | बुधबार, १९ मंसिर २०८१ | SOURYA NATIONAL DAILY | Wednesday, 4 December 2024 | पृष्ठ : ८ मूल्य रु. ५


■ उपनिर्वाचनमा ठुला दलको लोकप्रिय मत

# कांग्रेसले २० र एमालेले १५ प्रतिशत गुमाउँदा माओवादीले बढायो ५० प्रतिशत





■ दीपक आचार्य र कृष्ण उप्रेती

काठमाडौं । स्थानीय तहका विभिन्न ४१ स्थानका लागि भएको उपनिर्वाचनमा ठुला दल कांग्रेस र एमालेको लोकप्रिय मत ह्वात्तै घटेको छ । यस्तै, तेस्रो स्थानमा रहेको माओवादी केन्द्रले ठुलो अंकले लोकप्रिय मत बढाउँदै एमालेलाईसमेत उछिन्दै दोस्रो स्थान हासिल गरेको छ । हाल उपनिर्वाचन भएका स्थानमा कांग्रेसले २०७९ को स्थानीय तह निर्वाचनमा पाएकोमध्ये करिब २० प्रतिशत मत गुमाएको छ भने एमालेले करिब १५ प्रतिशत गुमाउँदा माओवादीले भने झन्डै ५० प्रतिशत मत बढी ल्याएको छ ।

२०७९ सालको स्थानीय तह निर्वाचनमा सबैभन्दा बढी स्थानमा जित हासिल गरेको नेपाली कांग्रेसलाई २०८४ को चुनावअघि नै ठुलो धक्का दिएको छ भने आगामी निर्वाचनमा सबैभन्दा ठुलो दल बन्ने दाउमा रहेको एमालेलाई पनि यो उपनिर्वाचनले तेस्रो स्थानमा धकेलेको छ । तर, नेकपा माओवादी केन्द्र भने अहिलेको परिणामबाट हौसिएको छ । मंगलबार विज्ञप्ति नै जारी गरेर माओवादीले स्थानीय तहको उपनिर्वाचनमा निर्वाचित जनप्रतिनिधिको संख्या र जनमत दुबै हिसाबबाट पार्टीले उत्साहजनक सफलता प्राप्त गरेको बताइसकेको छ ।

हुन पनि लोकप्रिय मतको विश्लेषण गर्ने हो भने यस पटक सबैभन्दा बढी लाभ लिएको दल माओवादी नै हो । जितेको सिट संख्याको हिसाबमा होस् वा प्राप्त मतको संख्या, अहिलेको उपनिर्वाचनले माओवादी निकै बलियो रहेको देखाएको छ । यद्यपि, २०७९ मा माओवादीले केही ठाउँमा भने गठबन्धन गरेको थियो ।

### माओवादीले सिटसँगै बढायो मत

चुनाव भएका ४१ मध्ये ३९ स्थानमा उम्मेदवारी दिएको माओवादीले ती स्थानबाट ३५ हजार ३७१ मत प्राप्त गरेको छ । जुन २०७९ को निर्वाचनमा प्राप्त मतभन्दा ११ हजार ७७१ ले बढी हो । २०७९ मा माओवादीले यी स्थानबाट २३ हजार ६०० मात मत पाएको थियो । साथै, यस पटक पहिलेको भन्दा ३ पद पनि थप गरेको छ ।

माओवादीले सबैभन्दा बढी मत बढाएको पालिका प्रमुख र उपप्रमुखबाट हो । २०७९ मा ती पदहरूबाट १५ हजार ३५८ मत पाएको माओवादीले यस पटक २४ हजार ५०२ मत पायो । माओवादीले थपेको लोकप्रिय मतको करिब ७८ प्रतिशत हिस्सा यिनै पदबाट आएको हो ।


### कांग्रेसलाई दोहोरो झट्का

स्थानीय तहको उपनिर्वाचनमा सबैभन्दा बढी घाटा बेहोरेको दल हो, नेपाली कांग्रेस । ४१ सिटका लागि भएको मतदानबाट कांग्रेसले आफ्नो लोकप्रिय मतसँगै ८ वटा सिट पनि गुमायो । जनमत आफ्नै पक्षमा रहेकाले उपनिर्वाचन हुन लागेका सबै सिटको सुरक्षा गर्दै बोनसमा अन्य स्थानमा पनि जित्ने नेताहरूको दाबीविपरीत परिणामले आयो । उपनिर्वाचन भएका ४१ स्थानमध्ये २०७९ मा कांग्रेसले ३८ स्थानमा मात्र उम्मेदवारी दिँदै ५५ हजार ६७९ मत पाएको थियो । ▸▸▸ बाँकी पृष्ठ ६

### ● कहाँ कसको कति मत (२०७९ र २०८१ को तुलना)

| | पद / पालिका | नेपाली कांग्रेस | | नेकपा एमाले | | नेकपा माओवादी केन्द्र | |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०७९ | २०८१ | २०७९ | २०८१ | २०७९ |
| **प्रमुख/अध्यक्ष** | | | | | | | |
| १. | ग्रामथान गाउँपालिका, मोरङ | ५३३३ | ७६०५ | ४१५९ | ६०९३ | ६९६९ | २७२७ |
| २. | महाबु गाउँपालिका, दैलेख | २६७५ | २९७९ | ३१२७ | २५१९ | ८४२ | गठबन्धन |
| ३. | कीर्तिपुर नगरपालिका, काठमाडौं | ५३३४ | ९०४३ | ४३३७ | ५५०७ | ४५५५ | ४०९० |
| **उपप्रमुख/उपाध्यक्ष** | | | | | | | |
| १. | नलगाड नगरपालिका, जाजरकोट | ३१४७ | ५४०६ | २५४२ | ३३९३ | ४२७२ | गठबन्धन |
| २. | पुथा उत्तरगंगा गापा, जाजरकोट | २१२८ | २०१० | गठबन्धन | १८१२ | ३६२७ | ४०५९ |
| ३. | स्वामीकार्तिक खापर गापा, बाजुरा | १४७४ | १८१० | १७४० | १६३७ | गठबन्धन | १२१३ |
| ४. | गौरीशंकर गाउँपालिका, दोलखा | १७२७ | ४७४१ | २८०५ | ३२८१ | २६०० | गठबन्धन |
| ५. | सर्केगाड गाउँपालिका, हुम्ला | १५९४ | गठबन्धन | ११३२ | १०६४ | १६३७ | ३२६९ |
| **वडाध्यक्ष** | | | | | | | |
| १. | सिरिजंगा गाउँपालिका-३, ताप्लेजुङ | २१८ | ४०३ | ३५३ | ३९९ | २५१ | गठबन्धन |
| २. | कन्काई नगरपालिका-६, झापा | ३१७ | २०९ | ३५६ | ५०८ | २७७ | २९४ |
| ३. | लालीगुराँस नगरपालिका-८, तेह्रथुम | ४४० | ५२४ | ३६० | ४१३ | २६ | गठबन्धन |
| ४. | बेलका नगरपालिका-९, उदयपुर | ४०४ | ६७१ | ५२५ | ५४८ | ५५९ | १७६ |
| ५. | त्रियुगा नगरपालिका-१२, उदयपुर | ३५९ | ४३९ | ६०८ | ४०८ | ९२३ | ४०४ |
| ६. | गढी गाउँपालिका-६, सुनसरी | ८१६ | ४१६ | ७७० | ७१२ | ७९४ | ४२४ |
| ७. | मोलुङ गाउँपालिका-५, ओखलढुंगा | १७७ | ३८४ | ३९९ | ३७० | २३ | ३० |
| ८. | डाक्नेश्वरी नगरपालिका-१, सप्तरी | ५८७ | ५३५ | ३६५ | ४६९ | २९ | ६३ |
| ९. | डाक्नेश्वरी नगरपालिका-४, सप्तरी | २७७ | ३३३ | ६८ | २५ | ९ | १८ |
| १०. | धनुषाधाम नगरपालिका-१, धनुषा | ६०२ | ६१८ | ३६५ | ३७७ | ६८४ | ३६९ |
| ११. | रामगोपालपुर नपा-२, महोत्तरी | २८४ | ३७५ | ६३१ | ५८७ | ४३४ | ४३३ |
| १२. | ईशनाथ नगरपालिका-७, रौतहट | ६२७ | ५७८ | ५७५ | ६८३ | २४ | गठबन्धन |
| १३. | गढीमाई नगरपालिका-८, रौतहट | ६१७ | ५६१ | ६३१ | २९ | गठबन्धन | १० |
| १४. | राजपुर नगरपालिका-६, रौतहट | ७४४ | ५३४ | ४३१ | २८४ | ४३६ | १६ |
| १५. | ककनी गाउँपालिका-२, नुवाकोट | ५८७ | ८८८ | ३४१ | २०५ | १०८५ | ७३४ |
| १६. | कीर्तिपुर नगरपालिका-१, काठमाडौं | ५६२ | ७७८ | ४९८ | ५८२ | १७३ | २७३ |
| १७. | कीर्तिपुर नगरपालिका-४, काठमाडौं | ११५५ | १०५७ | ४६० | २३६ | ३८१ | ७३ |
| १८. | काठमाडौं महानगर-१६, काठमाडौं | २२१४ | ४०१९ | २२२० | ३३१० | गठबन्धन | गठबन्धन |
| १९. | हेटौंडा उपमहानगर-१२, मकवानपुर | २०६३ | १३४० | १३९८ | १३२५ | १५६० | १३७१ |
| २०. | गोरखा नगरपालिका-५, गोरखा | ४०२ | ४२८ | ३४५ | ४५३ | ४८६ | २७४ |
| २१. | मुसिकोट नगरपालिका-१, गुल्मी | ११८४ | ११८२ | ९३० | ११४३ | १४३ | गठबन्धन |
| २२. | शुद्धोधन गाउँपालिका-१, कपिलवस्तु | १०८६ | १०३२ | ११५० | ८८९ | १३८ | १०२ |
| २३. | रुन्टीगढी गाउँपालिका-४, रोल्पा | ६४३ | ४८८ | ५३५ | ४८० | ७० | २०३ |
| २४. | ठाकुरबाबा नगरपालिका-४, बर्दिया | १०४३ | १२०९ | ३३७ | ५८० | ६७८ | ४२१ |
| २५. | त्रिपुरासुन्दरी नगरपालिका-५, डोल्पा | २१ | ८२ | ११६ | १०८ | १६१ | १०२ |
| २६. | तिलागुफा नगरपालिका-४, कालीकोट | ४९ | ३ | ७८ | ४ | ११५ | २३४ |
| २७. | कुशे गाउँपालिका-७, जाजरकोट | ३४७ | ३१८ | २५२ | १४८ | ३३२ | ३८० |
| २८. | दुल्लु नगरपालिका-१३, दैलेख | ३७१ | गठबन्धन | ५७४ | ८२२ | २७८ | ७७३ |
| २९. | सानीभेरी गापा-५, रुकुमपश्चिम | ५९० | ४६२ | गठबन्धन | गठबन्धन | ५३७ | ४३४ |
| ३०. | सूर्मा गाउँपालिका-४, बझाङ | ६५७ | ६०४ | ४८७ | ६२९ | १७ | गठबन्धन |
| ३१. | पूर्वीचौकी गाउँपालिका-६, डोटी | ४६८ | ५१३ | ३०१ | ३८७ | २६ | ४९ |
| ३२. | दुहुँ गाउँपालिका-५, दार्चुला | ३७६ | गठबन्धन | ३५८ | ३०२ | ९८ | ५८२ |
| ३३. | भीमदत्त नगरपालिका-६, कञ्चनपुर | ११०७ | ११०२ | ४८७ | ६९८ | १२२ | गठबन्धन |
| | **जम्मा** | **४४८०६** | **५५६७९** | **३७१४६** | **४३४१९** | **३५३७१** | **२३६००** |

# नेपाल–चीनबीच ९ बुँदे सहमति



■ सौर्य समाचार

काठमाडौं । नेपाल र चीनबीच कनेक्टिभिटी, उद्योग/व्यापार, पूर्वाधार, कृषि, विज्ञान तथा प्रविधिलगायत विषयमा सहयोग आदानप्रदानसम्बन्धी विभिन्न ९ विषयमा समझदारी भएको छ । चीनको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली र चिनियाँ समकक्षी ली छ्याङबीच ग्रेट हल अफ पिपुलमा दुई पक्षीय भेटवार्तापछि आपसी सहकार्यसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भएको हो ।

सो अवसरमा टोखा-छहरे सुरुङमार्ग निर्माणसम्बन्धी समझदारीपत्रमा दुवै देशका तर्फबाट हस्ताक्षर भई आदानप्रदानसमेत भएको छ । त्यसैगरी नेपाल-चीन व्यापार अभिवृद्धिसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । चीनले काठमाडौंको वसन्तपुरस्थित ९ तले दरबार पुनर्निर्माण सम्पन्न गरेको प्रमाणपत्रको आदानप्रदानका साथै भैंसीको मासु चीन निर्यातसम्बन्धी प्रोटोकलमा समझदारी भएको छ ।

साथै, विकास आयोजनासम्बन्धी सम्झौता, आर्थिक तथा प्राविधिक सहयोगसम्बन्धी समझदारी, नगद सहयोगसम्बन्धी समझदारी, स्वयंसेवी चिनियाँ भाषा शिक्षकसम्बन्धी समझदारी तथा सार्वजनिक प्रसारण संस्था (नेपाल टेलिभिजन र रेडियो नेपाल) र चाइना मिडिया ग्रुपबीच सञ्चार प्रविधिसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । ▸▸▸ बाँकी पृष्ठ ६

### ■ प्रधानमन्त्री ओली र चिनियाँ राष्ट्रपति सीबीच भेटवार्ता

४ दिने औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री ओली र चिनियाँ राष्ट्रपति सी जिनपिङबिच बेइजिङमा मंगलबार भेटवार्ता भएको छ । ग्रेट हल अफ द पिपुलमा भएको २ पक्षीय वार्ताले २ देशको सम्बन्धलाई अझ उचाइमा लान सहयोग पुगेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

### ■ चीनले ९ अर्ब अनुदान दिने

चिनियाँ राष्ट्रपति सी जिनपिङले नेपालमा विभिन्न विकास परियोजनाका लागि ९ अर्ब रुपैयाँ अनुदान दिने घोषणा गरेका छन् । परराष्ट्र मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ढकालका अनुसार भेटका क्रममा चीनका राष्ट्रपति सीले नेपाललाई ५० करोड आरएमबी (करिब ९ अर्ब रुपैयाँ) अनुदान सहयोग घोषणा गरेका हुन् ।

### ■ एनपिसी अध्यक्षसँग भेटवार्ता

प्रधानमन्त्री केपी शर्मा ओली र चीनको राष्ट्रिय जनकंग्रेस (एनपिसी) अध्यक्ष चाओ ल चीबीच भेटवार्ता भएको छ । सो अवसरमा उनीहरूबीच नेपाल-चीन सम्बन्धका साथै पारस्परिक चासोका साझा विषय र संसदीय मामलामा छलफल भएको थियो ।

### ■ राष्ट्रपति र प्रधानमन्त्रीलाई भ्रमणको निम्तो

प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री ली छ्याङलाई नेपाल भ्रमणको निम्तो दिएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलका तर्फबाट चिनियाँ राष्ट्रपति सीलाई प्रधानमन्त्री ओलीले नेपाल भ्रमणको निम्तो दिएका हुन् भने ओलीले समकक्षी लीलाई सन् २०२५ मा २ देशको सम्बन्धको ७० वर्ष पूरा भएको अवसरमा भ्रमणको निम्तो दिएका हुन् । राष्ट्रपति सी र प्रधानमन्त्री ली दुवैले उचित समयमा भ्रमण गर्ने वचन दिएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

प्रहरीमा अनौठो संयोग

# पति-पत्नी एकैसाथ डिआइजी !

## इन्स्पेक्टरका ब्याची, डिएसपीदेखि पत्नी अघिअघि, पछिपछि पति

■ सौर्य समाचार

काठमाडौं । नेपाल प्रहरीमा विरलैमात्र जुर्ने संयोग यसपटक जुरेको छ- पति-पत्नी एकै सेवामा एउटै पदमा कार्यरत छन् । नेपाल प्रहरीकी एसएसपी दुर्गा सिंह चन्द १७ असार, २०७९ मा डिआइजी पदमा बढुवा भएकी थिइन् भने हालसालै उनका पति गणेश चन्द पनि डिआइजीमा बढुवा भएका हुन् ।

उनीहरूबीच अर्को संयोग पनि छ । उनीहरू दुवै जना २०५१ चैतमा प्रहरी निरीक्षकको रूपमा प्रहरी सेवामा प्रवेश गरेका हुन् । एउटै ब्याची भए पनि



डिएसपीमा बढुवा हुँदा दुर्गाले गणेशलाई पछि पारिन् र पतिभन्दा सिनियर बनिन् । कुनै सेवामा पति-पत्नी एकै कार्यस्थलमा काम गर्नु सामान्य विषय हो । प्रहरीमै पनि उपल्लो तहसम्म एउटै पदमा रहेर काम गरेका पति-पत्नी अरू पनि थिए । तर, उनीहरू प्राविधिक समूह र प्रशासन समूह गरी फरकफरक क्षेत्रमा थिए । तर, प्रहरीको एकै समूहमा एकै पदमा रहेर सेवा गर्ने पति-पत्नीको उदाहरण विरलै भेटिन्छ ।

गणेश र दुर्गा दुवै जना इन्स्पेक्टर हुँदा २०५६ सालमा उनीहरूले विवाह गरेका थिए । डिएसपी बढुवादेखि पतिभन्दा सिनियर बनेकी दुर्गाले डिआइजी बढुवा हुँदासम्म त्यो क्रम कायमै राखिन् । गणेश एसएसपीबाट डिआइजी बढुवा हुँदा दुर्गा गण्डकी प्रदेश प्रहरीको कमान्ड सम्हालिरहेकी छिन् । ▸▸▸ बाँकी पृष्ठ ६

■ एनपिएलमा पोखरा एभेन्जर्सको प्रदर्शन

# सबैभन्दा खराब कीर्तिमानबाट जोगाए क्रिचले र नारायणले

■ सौर्य समाचार

काठमाडौं । त्रिवि क्रिकेट मैदानमा जारी नेपाल प्रिमियर लिग (एनपिएल) मा चितवन राइनोजले आफूलाई उपाधि दाबेदारका रूपमा प्रस्तुत गर्दै गएको छ । चितवनको दाबेदारीमा पहिलो खेलमाझैं दोस्रो खेलमा पनि सोहेल तनबिरको सानदार प्रदर्शनले धेरै सहयोग गऱ्यो । काठमाडौं गुर्खाजसँगको पहिलो खेलमा ५ विकेट लिएका तनबिरले पोखरा एभेन्जर्ससँगको दोस्रो खेलमा ३ विकेट लिए । त्रिवि क्रिकेट मैदानमा मंगलबार भएको खेलमा तनबिरले पहिलो ओभरमै ३ विकेट लिए । उनले कुल ३ ओभर बलिङ गरे । पहिलोबाहेक अन्य ओभरमा विकेट त लिएनन्, तर कुल ३ ओभरमा ६ रन मात्र खर्चिए ।

सोही पारीमा रिजन ढकालले अर्को सनसनी मच्चाए । चौथो ओभरमा रिजन ढकालले ३ विकेट लिए । पोखराले ४ ओभरमै ६ विकेट गुमाएर जम्मा ७ रन मात्रै जोडेको थियो । सो खेलमा पोखराका ओपनर तथा कप्तान कुशल भुर्तेल चितवनका सोहेल तनबिरको पहिलै बलमा आउट भए । रनको खाता खोल्न असफल भुर्तेललाई सोहेलले रवि बोपरामार्फ क्याच आउट गराए ।

कुशल बाहिरिएपछि क्रिजमा आएका दिलीप नाथ पनि सोहेलकै बलको सिकार भए । ४ बलमा ४ रन जोडेका उनलाई सोहेलले दीपक बोहोरामार्फत् क्याचआउट



गराए । बास दे लिडे पनि सोहेलको बलबाट मैदानमा टिक्न सकेनन् । लिडे उनको पहिलो ओभरको अन्तिम बलमा लुक बेन्केस्टाइनमार्फत् क्याचआउट भए । १ बल मात्रै खेलेका लिडेले पनि रनको खाता खोल्न सकेनन् ।

चौथो ओभरकै पहिलो बलमा अर्का प्रारम्भिक ब्याट्सम्यान दिनेश खरेललाई ढकालले एलबिडब्लू आउट गरे । त्यहीँबाट रिजनको सनसनी सुरु भएको थियो । सोही ओभरको चौथो बलमा किरण ठगुन्ना तथा ओभरको अन्तिम बलमा माइकल लिस्क आउट भए । ९ जनै ब्याट्सम्यानले दोहोरो अंक छुन नसकेको पोखराको यो खराब कीर्तिमान एनपिएलका अन्य खेलसम्म कायम रहन्छ या यो नै कीर्तिमानका रूपमा रहन्छ भन्ने प्रतीक्षाको विषय बनेको छ ।

तनबिरको नाममा एउटा अचम्मको कीर्तिमान छ । सन् २००८ को इन्डियन प्रिमियर लिग (आइपिएल) मा तनबिरले २२ विकेट लिएका थिए । सो कीर्तिमान १ दशकभन्दा बढी समय कायम रह्यो । बायाँ हाते तनबिर संसारका धेरै लिग खेल्ने थोरै पाकिस्तानी अलराउन्डरमध्ये एक हुन् ।

मार्कस क्रिचले र नारायण जोशीले आठौं विकेटका लागि ३० रनको साझेदारी नगरेसम्म पोखराको नाममा अझ खराब कीर्तिमानको सम्भावना देखिएको थियो । अहिलेसम्म टी-२० क्रिकेटमा सबैभन्दा कम रनको कीर्तिमान आइभोरी कोस्टको नाममा छ । आइभोरी कोस्ट यसै वर्ष नाइजेरियासँग भएको खेलमा ७ रनमै सीमित भएको थियो । राष्ट्रिय टोलीबाहेक घरेलु टोली तथा फ्रेन्चाइजकै हकमा सन् २०२२ को बिग बासको खेलमा थन्डर्सलाई स्ट्राइकरले १५ रनमै अलआउट गरेको थियो ।

नेपालमा सबैभन्दा धेरै चर्चा हुने आइपिएलकै हकमा सन् २०१७ मा कलकत्ता नाइटराइडर्ससँगको खेलमा रोयल च्यालेन्जर्स बेंगलोर ४९ रनमा आउट भएको थियो । तर, यति धेरै खराब कीर्तिमान बन्ने खतरामा पुगेको पोखरालाई क्रिचले र नारायणले जोगाएका छन् ।

# दक्षिण कोरियामा सैन्य कानुन लागू, सेनाको कब्जामा संसद्

■ एजेन्सी



सिओल । दक्षिण कोरियाका राष्ट्रपति युनसुक येओलले मंगलबार आपत्कालीन सैन्य कानुन (मार्सल ल) घोषणा गरेका छन् । राष्ट्रपतिले सैन्य कानुन लागू गरेसँगै सेनाले यहाँको संसद् भवन आफ्नो कब्जामा लिएको छ । सांसदहरूले मार्सल लविरूद्ध संसदमा प्रस्ताव पारित गरेर त्यसलाई उल्टाउने घोषणा गरेपछि राष्ट्रपति युनले सेनालाई संसद् भवन पठाएका हुन् ।

राष्ट्रपतिले बजेट विधेयकमा संसदीय संघर्षका बीच 'साम्यवादी शक्तिहरू' बाट देशको रक्षा गर्न यो कदम आवश्यक रहेको बताएका छन् । 'उत्तर कोरियाका साम्यवादी शक्तिद्वारा निम्त्याइएका खतराबाट उदार दक्षिण कोरियालाई संरक्षण गर्न र विरोधी राज्य तत्वहरूलाई उन्मूलन गर्न... आपत्कालीन सैन्य कानुन घोषणा गर्दछु,' युनले राष्ट्रका नाममा सम्बोधन गर्दै भने, 'जनताको जीविकोपार्जनलाई कुनै ध्यान नदिई विपक्षी पार्टीले महाभियोग, विशेष अनुसन्धान र आफ्नो नेतालाई न्यायबाट जोगाउनका लागि मात्र शासनलाई कमजोर बनाएको छ ।'

पिपुल पावर पार्टी र मुख्य विपक्षी डेमोक्रेटिक पार्टीले अर्को वर्षको बजेट विधेयकलाई लिएर झगडा जारी राख्दै गर्दा राष्ट्रपति युनको यो आश्चर्यजनक कदम आएको हो । विपक्षी सांसदहरूले गत हप्ता संसदीय समितिमार्फत् उल्लेखनीय रूपमा घटाएको बजेट योजना अनुमोदन गरेका थिए । ▸▸▸ बाँकी पृष्ठ ६

# ललितपुरलाई अपांगतामैत्री सहर बनाउने प्रतिबद्धता




**सौर्य समाचार**

ललितपुर । ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले ललितपुरलाई अपांगतामैत्री सहर बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । अपांगता भएका व्यक्तिहरूको ३३औँ अन्तर्राष्ट्रिय दिवसको अवसरमा ललितपुर महानगरपालिकाद्वारा जावलाखेलमा आयोजित कार्यक्रममा प्रमुख महर्जनले अपांगतामैत्री पूर्वाधार निर्माण, सूचना प्रवाह र सेवा प्रवाहमा ध्यान दिएको जानकारी गराए ।

'हामीले यसको सुरूआत गरिरहेका छौँ, हामीले धेरै राम्रो कामहरू गरिरहेका छौँ । अरू स्थानीय तहले फलो गरिरहेका छन्, एकान्तकुनामा लिफ्टसहितको अपांगतामैत्री पुल बन्दै छ । धोबीघाटबाट कीर्तिपुर जाने पुल पनि अपांगतामैत्री हुनेछ, हामीले निर्माण गरेका सबै संरचना अपांगतामैत्री छन् । अपांगतामैत्री फुटपाथलगायत संरचना निर्माण गर्ने पहिलो स्थानीय तह हौं,' प्रमुख महर्जनले भने । उनले अपांगतामैत्री पूर्वाधारका साथै प्रविधिको विकासका लागि संघीय सरकार, प्रदेश सरकारका साथै राष्ट्रिय तथा अन्तर ाष्ट्रिय संघसंस्थासँग हातेमालो गरेर अगाडि बढ्ने बताए ।

उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले अपांगताको जीवन जीउनु रहर नभई बाध्यता भएको भन्दै बाध्यताका कष्टकर जीवनयापन गरिरहेकालाई सहयोग गर्नु र माया गर्नु कर्तव्य र दायित्व रहेको बताइन् । जिल्ला प्रहरी कार्यालय ललितपुरका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक नवरत्न पौडेलले समयसमयमा हुने यस्ता कार्यक्रमले अपांगता भएका व्यक्तिहरूलाई थप हौसला प्रदान गर्ने बताउँदै यस्ता मञ्चबाट उनीहरूले समान अवसर पाउनका लागि आफ्ना कुराहरू व्यक्त गर्ने अवसर पाउने बताए ।

विपद् व्यवस्थापन समितिका सदस्य एवं महानगरको कार्यपालिका सदस्य लक्ष्मी शर्माले संयुक्त राष्ट्रसंघले सन् १९८१ देखि डिसेम्बर ३ लाई अन्तर्राष्ट्रिय अपांगता भएका व्यक्तिहरूको हकअधिकार सुनिश्चितताका लागि दिवस मनाउन सुरू गरिएको जानकारी गराउँदै सन् १९९३ देखि नेपालमा हरेक वर्ष अन्तर्राष्ट्रिय अपांगता दिवस मनाउन सुरु गरिएको उल्लेख गरे ।

अपांगता भएका व्यक्तिहरूको स्थानीय तह समन्वय समितिका सदस्य भोजराज श्रेष्ठले स्थानीय तहले प्रदान गर्ने सेवामा आफूहरूको पहुँचका लागि ललितपुर महानगरले भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा ध्यान दिएर आत्मसम्मान दिएको बताए । ललितपुर महानगरको महिला बालबालिका शाखा प्रमुख शोभा खरेलले अपांगता भएका व्यक्तिहरूको सहजताका लागि वर्षभरि विभिन्न कार्यक्रम आयोजना गरिने बताए ।

# काठमाडौँ-१६ की वडाध्यक्ष श्रेष्ठले लिइन् शपथ

**सौर्य समाचार**

काठमाडौँ । काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन)ले १६ नम्बर वडाको अध्यक्ष पदमा निर्वाचित रोजिना श्रेष्ठलाई पद तथा गोपनीयताको शपथ गराएका छन् । मेयर शाहले १६ मंसिरमा सम्पन्न स्थानीय तहको उपनिर्वाचनमा काठमाडौँ-१६ बाट निर्वाचित रास्वपाकी श्रेष्ठलाई मंगलबार महानगरपालिकाको कार्यकक्षमा आयोजित कार्यक्रममा शपथ गराएका हुन् ।



काठमाडौँको ठमेल, नयाँबजार, बालाजु क्षेत्र समेटिएको सो वडाको २१ हजार २५ मतमध्ये १० हजार ३७६ मत सदर हुँदा राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट उम्मेदवार भएकी श्रेष्ठले २ हजार ९०२ मत प्राप्त गरी निर्वाचित भएकी हुन् । शपथ ग्रहण कार्यक्रममा उपमेयर सुनिता डंगोल, प्रवक्ता नवीन मानन्धर, प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईँसहित अधिकारी उपस्थिति थिए । शपथपछि वडाध्यक्ष श्रेष्ठले मंगलबार नै पदबहाली समेत गरेकी छिन् ।

# 'अपांगता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्नुपर्छ'

**सौर्य समाचार**

काठमाडौँ । नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले अपांगता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्नुपर्ने बताएका छन् । अपांगता भएका व्यक्तिहरूको ३३औँ अन्तर्राष्ट्रिय दिवसका अवसरमा शुभकामना दिँदै उनले उनीहरूको संवैधानिक अधिकार संरक्षण गर्दै राज्यका हरेक निकायमा प्रतिनिधित्वको सुनिश्चितता हुनुपर्ने बताएका हुन् ।

लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा सबै समुदायका अधिकार संरक्षण गर्नुपर्ने जनाउँदै उनले समाजमा विद्यमान सबै प्रकारका विभेदको अन्त्य गरी सामाजिक न्याय, समानता, सम्मानपूर्ण जीवनयापनलगायत नागरिक अधिकार व्यवस्थापन राज्यको दायित्व भएको उल्लेख गरे । पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले सार्वजनिक स्थल तथा कार्यस्थलमा अपांगतामैत्री वातावरण निर्माण गरी उनीहरूलाई सुविधा उपलब्ध गराउनुपर्नेमा जोड दिए ।

अपांगता भएका व्यक्तिहरूको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि कानुनी र सामाजिक सुधारको खाँचो औँल्याउँदै उनले त्यसका लागि राजनीतिक दल र नागरिक समाजको सहयोग आवश्यक रहेको शुभकामनामा उल्लेख गरिएको छ ।

यस वर्ष 'समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपांगता भएका व्यक्तिहरूको प्रबल नेतृत्व यसको आधार' भन्ने नारा तय गरिएको छ भने नेपालमा राष्ट्रिय जनगणनाअनुसार २ दशमलव २ प्रतिशत अपांगता भएका व्यक्ति छन् ।

# सबै सामाजिक सञ्जाललाई सूचीकरण गर्छौं : सचिव अर्याल

**सौर्य समाचार**

काठमाडौँ । सञ्चार सचिव राधिका अर्यालले टिकटक डिजिटल प्लेटफर्म मन्त्रालयमा सूचीकरण भई सञ्चालनमा आएपछि समाजप्रति उत्तरदायी भएको बताएकी छिन् । उनले टिकटकले जस्तै अन्य सामाजिक सञ्जाल प्रयोगकर्तालाई सूचीकरण भई उत्तरदायी भूमिका निर्वाह गर्न अनुरोध गरिन् । मंगलबार मन्त्रालयको समन्वयमा 'टिकटक'ले आयोजना गरेको ' डिजिटल सेफ्टी समिट' कार्यक्रममा सचिव अर्यालले डिजिटल सुरक्षाका हिसाबले टिकटक मर्यादित हुँदै आएको भन्दै मन्त्रालयसमक्ष सूचीकृत भएर टिकटक सञ्चालनमा आउनु सकारात्मक कार्य भएको र अरू सामाजिक सञ्जाललाई पनि यसरी नै सरकारको सूचीकरणमा आउन आह्वान गरिन् । ' डिजिटल सुरक्षाका हिसाबले अरू सामाजिक सञ्जालभन्दा टिकटक विश्वसनीय छ,' सचिव अर्यालले भनिन्, 'अरू सामाजिक सञ्जाल प्रयोगकर्ताले पनि यो सकारात्मक कार्यको अनुशरण गर्नपर्छ ।'

डिजिटल प्लेटफर्मलाई समाजप्रति पारदर्शी, मर्यादित र जवाफदेहिता बनाउन मन्त्रालयले निरन्तर प्रयास गरिरहेको उनले जानकारी दिइन् । सामाजिक सञ्जाल नियन्त्रण गर्ने सरकारको उद्देश्य नभएर सुरक्षित र मर्यादित बनाउने रहेको सचिव अर्यालले बताइन् । यसका लागिसबैको सहकार्य जरुरी रहेको उनको भनाइ थियो ।

## मिति सच्याईएको बारे सूचना

**प्रकाशित मितिः २०८१/०८/१९**

यस कार्यालयबाट मिति २०८१/०८/११ गतेको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा **प्राबिधिक प्रस्ताव स्वीकृत गरि आर्थिक प्रस्ताव खोल्ने आशय** सूचनामा प्राविधिक कारणवश आर्थिक प्रस्ताव मिति २०८१/०८/१९ गते खोल्नुपर्ने भएकोले सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**कार्यालय प्रमुख**
**पूर्वाधार विकास कार्यालय, मुस्ताङ**

## डिभिजन वन कार्यालय कैलालीको काठ लिलाम बिक्री सम्बन्धि सूचना

**(सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८१/०८/१९)**

डिभिजन वन कार्यालय कैलाली अन्तर्गत सुदुरपश्चिम प्रदेश प्रहरी विद्यालय धनगढी कैलालीको हाताभित्र जोखिमयुक्त अवस्थामा रहेका रुखहरुबाट संकलन गरि सुदुरपश्चिम प्रदेश प्रहरी विद्यालय धनगढी ३ कम्पाउण्डमा घाटगद्दी रहेको सिसौं प्रजातीको काठ दाउरा लिलाम प्रकृयाबाट बिक्री गर्नु पर्ने भएको हुँदा सिसौं गोलिया काठ ३०३।२१ क्यू.फि. र दाउरा ०।५० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले मूल्य अभिवृद्धि करमा दर्ता भई सुचिकृत भएका स:मिल काष्ठ व्यवसायीहरुले यो सूचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र वन निर्देशनालय सूदुरपश्चिम प्रदेश धनगढी वा यस कार्यालयवाट बोलपत्र खरिद गरि शिलवन्दी वोलपत्र २२ (वाईसौं) दिनमा दिनको ३:० बजेभित्र डिभिजन बन कार्यालय कैलाली वा वन निर्देशनालय सुदुरपश्चिम प्रदेश धनगढी दाखिला गर्न यो सूचना आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत विवरण सहितको जानकारीको सूचना यस कार्यालय तथा सम्बन्धित अन्य कार्यालयको सूचनापाटीमा टांस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**Qatar मा रोजगार** **Bos geo pares restaurant** पूर्व स्वीकृती मितिः २०८१/०८/१७ चलानी नं.: ६०२२९१५१ LT No. 314755

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Gen Clean Worker | 2 | 2 | काममा दक्ष | 1000 | ३७,१००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Waiter(Female) | 0 | 2 | | 1500 | ५५,७००।- | | | | | | | |
| ३. | Waiter(Male) | 4 | 0 | | 1500 | ५५,७००।- | | | | | | | |

**अन्तरवार्ता २०८१ मंसिर २६ गते (11 Dec., 2024) यस प्रा. लि. कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**GOLDEN CROWN OVERSEAS PVT. LTD.** Lic. No.: 1706/081/82
Binayak Marg, Sinamangal, Kathmandu, Tel.: 01-5922362
Email : goldencrown514@gmail.com, Web: gcopl.com

## Invitation for Bids

**Chure Rural Municipality**
**Office of Rural Municipal Executive**
**Gharkheda, Kailali**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bids No: CRM/SQ/Goods/02/081/082**

**Date of publication: 04-December-2024 (19 Mangsir 2081)**

1. The Chure Rural Municipality invites sealed quotations from registered Suppliers for the Supply And Delivery Of Office Goods And Stationary Items.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chure Rural Municipality, Gharkheda, Kailali, Email: chure.gaupalika@gmail.com, Contact No: 9858488012 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost of Rs 1,000 /- of bidding document in the Project's Rajaswa(revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank** : **Laxmi Sunrise Bank Ltd**
   **Name of Office** : **Chure Rural Municipality**
   **Office Code no** : **868-67-801**
   **Office Account no.** : **0820529963703003 (for bid security)**
   **Office Account no.: 0820529963703006 (for bid document)**
4. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2081/09/04 (December 19, 2024). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 Pm on December 19, 2024 at the office of Chure Rural Municipal Executive Office. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of 50,000/-, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

**Ribdikot Rural Municipality**
**Office of the Rural Munical Executive**
**Khasyauli, Palpa**
**Lumbini Province, Nepal**

## Re Invitation for Bids

**Date of publication: 4 December-2024**

1. Ribdikot Rural Municipality, Khasyauli, Palpa invites electronic bids from eligible bidders for the procurement of worksas specified here under.
2. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).
   Information to deposit the cost of Bidding Document in Bank:
   Name of the Office: Ribdikot Rural Municipality, Khasyauli, Palpa
   Name of Bank: Nic Asia Bank Ltd ( Harthok BranchPalpa)
   Office Account no: **0902050029116002 (ANTARIK RAJASWA KHATA)**
3. Bids must be submitted electonically before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at **respective date and time** at the office of Ribdikot Rural Municipality, Khasyauli, Palpa.
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (**GA3–DHARAUTI KHATA-RIBDIKOT GAUPALIKA**), A/CNo.: ***090CA50023041004***) on behalf of Ribdikot Rural Municipality, Khasyauli, Palpa or online bid must be valid security for a period of 45 days for SQcounting after the of bid opening and must be accompanied by bid security, which shall be valid for minimum 30 days beyond the bid validity period.The scan copy of bid security should be uploaded in e-GP system during bid submission.
6. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR- 2064 (with their revisions).
7. Incaseof confusion contact on 9847487945, 9857075307 within office hours. The name, identification number and other details of the contract are as follows:

| S.N. | Contract Name | Identification No. | Estimated Amount inclusive of VAT (NRS) | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | UPGRADING OF SAURPANI RANIKUWA ROAD (RIBDIKOT-3) & BAHUNDANDA MASURE ROAD (RIBDIKOT-4) | RRM/SQ/ WORKS-09/081/82 | 10,14,139.16 | 1,000.00 | 30,000.00 | 20/12/2024 12:00 | 20/12/2024 1:00 | Online |
| 2 | Upgrading of Somar to Chorbot Bridge Road Ribdikot Ga Pa 8 pheka | RRM/SQ/ WORKS-10/081/82 | 9,98,717.11 | 1,000.00 | 28,000.00 | 20/12/2024 12:00 | 20/12/2024 1:00 | Online |

**Chief Administrative Officer**

# प्रविधिले लोप हुँदै दाइँ गर्ने परम्परा



■ सौर्य समाचार

धनुषा । कृषिमा भित्रिएको आधुनिक प्रविधिले गर्दा गाउँघरमा दाइँ गर्ने परम्परा लोप हुँदै जान थालेको छ । केही वर्ष अघिसम्म गोरु र मान्छेकै सहारामा दाइँ हाल्दै आएका धनुषाका अधिकांश किसानहरू पछिल्लो समय आधुनिक थ्रेसर मेसिन र ट्र्याक्टरका सहायताबाट धान चुट्न थालेपछि दाइँ परम्परा लोप हुन लागेको हो ।

खेती किसानी पनि गर्दै आएका जिल्ला समन्वय समिति धनुषाका पूर्वसभापति रामदेव यादवले पछिल्लो समय किसानले गोरु पाल्न छाडेपछि थ्रेसर र ट्र्याक्टरको सहायताले दाइँ गर्न थालिएको बताए । उनले भने, 'एक दशक अघिसम्म खेतका फाँटमा खलो बनाई धान, मसुरो, तोरी, गहुँलगायतका अन्न झाँटेर बोटमा बाँकी बसेका अन्न झार्नका लागि मियोका वरिपरि गोरु घुमाई दाइँ गर्ने परम्परा थियो । तर पछिल्लो समय गोरुको अभाव र कृषिमा भित्रिएको आधुनिक प्रविधिका कारण गाउँमा दाइँ गर्ने परम्परा हराउँदै जान थालेको छ ।'

गाउँघरमा अर्मपर्म गरेर खेती लगाउने, खेती थन्काउने चलन हट्न थालेपछि ट्र्याक्टरले खेत जोत्न र थ्रेसरले धान चुट्न थालिएको क्षीरेश्वरनाथ नगरपालिका-४ का किसान जगदीश यादवले बताए । उनका अनुसार कृषिमा प्रविधिको विकासले गाउँघरबाटै दाइँ संस्कृति हजाउँदै जान थालेको छ ।

थ्रेसर मेसिन, ट्र्याक्टर हलोको प्रयोगले किसानको समय, श्रम र पैसाको बचत भए पनि मौलिक संस्कृति भने हराउन थालेको मिथिला नगरपालिका-६ ढल्केवरका ज्येष्ठ नागरिक रामवरण महतोको धारणा छ । उनले भने, 'मेसिनको सहायताले दाइँ गर्दा त्यसले उडाएको भुसले वातावरणमा नकारात्मक प्रभाव पर्नुको साथै जनस्वास्थ्यमा समेत असर परेको छ । श्वासप्रश्वासको समस्या भएका बालबालिका र वृद्ध नागरिकलाई असर गरेको छ । आँखामा धुलो परेर समस्या सिर्जना हुने गरेको पनि छ । तर खेतमै खलो बनाई दाइँ गर्दा त्यस्तो समस्या हुँदैनथ्यो ।' युवा शक्ति विदेश पलायन हुनु, गाउँघरमा गोरु र काम गर्ने मान्छे पाउन सकस हुनु र पाइएका खेतालाको ज्याला खर्च महँगो भएकाले पनि जिल्लाका किसानले कृषि यन्त्रको प्रयोग बढाएका हुन् । यसबाट अन्न झार्ने तथा पराल भुसा वा नल एकैपटकमा माडिने हुँदा समय, श्रम र पैसाको बचत हुने गरेको किसान स्वयं बताउँछन् ।

# सरकारी संरचना छैनन् अपांगमैत्री

■ सौर्य समाचार

डडेल्धुरा । जिल्लास्थित सरकारी संरचना तथा कार्यालय प्रमुखको कक्ष अपांगमैत्री नहुँदा अपांगता भएका व्यक्तिको सहज पहुँच पुग्नसकेको छैन । अपांगता भएका व्यक्तिले सरकारी कामका लागि कार्यालय आउँदा सहयोगी नल्याए काम गर्न सक्ने अवस्था नभएको गुनासो गरेका छन् ।

अमरगढी नगरपालिका-१ भेटाका गणेश ऐरले नगरप्रमुखलाई भेट्न जाँदा सधैं त्रासमा पर्नुपर्ने अवस्था रहेको बताए । उनले भने, 'त्यहाँ पुग्नुअघि कुन दिन सिँढीबाट लडिन्छ सधैं डराउनुपर्ने अवस्था छ ।' शारीरिक रूपमा अपांग ऐरजस्तै अन्य धेरै सेवाग्राही अपांगमैत्री कार्यालय नहुँदा समस्यामा छन् । अमरगढी नगरपालिकाको यो अवस्था छ भने अन्य कार्यालयको अवस्था पनि यो भन्दा फरक छैन ।

एकातिर कार्यालयसम्म पुग्न सहज छैन भने अर्कातिर कार्यालय प्रमुख माथिल्लो तलामा बस्ने गरेका छन् । जिल्लाका अधिकांश स्थानीय तह प्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्ला न्यायाधीश, शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख, सामाजिक विकास कार्यालय प्रमुख, मालपोत अधिकृत, नापी प्रमुख, टेलिकम, विद्युत्लगायत सरकारी कार्यालयका प्रमुखको माथिल्लो तलामा कार्यकक्ष छ । यसले गर्दा अपांगता भएका सेवाग्राहीको पहुँच कार्यालय प्रमुखसम्म पुग्न सहज नभएको उनीहरूले बताएका छन् ।

सरकारी संरचना अपांगमैत्री नहुँदा अपांगता भएकाहरूले सास्ती भोग्दै आएका हुन् । अपांगमैत्री कार्यालय नहुँदा सिधैं कार्यालयमा गएर आफ्ना समस्या उनीहरूले राख्न सकेका छैनन् । कार्यालय परिसरमै पुग्न नसकेका अपांगता भएकाहरूको पहुँच कार्यालय प्रमुखसम्म पुग्ने त कुरै भएन । कार्यालयका सम्बन्धित अधिकारीसम्म सिधैं पहुँच नहुँदा उनीहरूले समस्या भोग्दै आएका हुन् ।

सरकारी कार्यालयमा अप्ठ्यारो सिँढी रहेकाले शारीरिक अपांगता भएकाहरूले सहज सेवा लिन नपाएको जिल्ला अपांग कल्याण सेवा समितिका अध्यक्ष राजेन्द्रप्रसाद पन्तले बताए । 'वैशाखी, सेतो छडी बोक्नेहरूका लागि कार्यालयको सेवा कठिन भएको छ', उनले भने, 'मुलुकमा धेरै



परिवर्तन आए तर अपांगका लागि सहज सेवा पाउन सकेका छैनन् ।'

अपांग भएका व्यक्तिहरूले आफ्ना कुरा सम्बन्धित अधिकारीको कार्यकक्षमै आएर सुनाउन सक्ने वातावरण बनेको छैन, जसले गर्दा उनीहरू सहज रूपमा सरकारी सेवासुविधाबाट वञ्चित हुनुपरेको छ । सरकारी सेवा सहज रूपमा लिन कार्यालय प्रमुखलाई पटक-पटक भुइँतलामा बस्नुपर्ने आग्रह गरे पनि अहिलेसम्म कार्यान्वयन नभएको अध्यक्ष पन्तले गुनासो गरे । डडेल्धुरामा ४ हजार १५० जना अपांगता भएका व्यक्ति छन् ।

अपांगता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ जारी भए तापनि जिल्लाका सरकारीलगायत गैरसरकारी निकायका संरचना अपांगमैत्री निर्माण भएका छैनन् । प्रत्यक्ष जनसरोकारका सरकारी अड्डामा पनि यो अवस्था भएपछि अपांगता भएकाहरूले आफ्नो हकअधिकारबाट वञ्चित हुनुपरेको दुःखेसो पोखेका छन् ।

जिल्लाका सरकारी भवन, विद्यालय, अस्पताल, स्वास्थ्य संस्था, धार्मिकस्थल, कार्यस्थल, सार्वजनिक सडक, सडकपेटी, यात्रु प्रतिक्षालयजस्ता सार्वजनिक स्थल र सर्वसाधारणलाई खुला गरिएका व्यावसायिक भवन, आवासीय भवन, होटल तथा रेस्टुराँजस्ता सार्वजनिक भौतिक संरचनामा अपांगता भएकाहरूका लागि सहज र उपयुक्त ढोका, झ्याल, गाइडिङ ब्लक र ब्रेलसमेतको व्यवस्था गरी अपांगता भएका व्यक्तिको सहज आवागमन र उपयोगको लागि पहुँचयोग्य बनाएर अपांगता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना बन्न नसक्दा सास्ती भोग्दै आएका हुन् ।

# झापामा विपद् व्यवस्थापन केन्द्र निर्माण

■ सौर्य समाचार

झापा । मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रअन्तर्गत जिल्लाका ४ पालिकाको साझेदारीमा एकीकृत विपद् व्यवस्थापन केन्द्र धमाधम निर्माण भइरहेको छ ।

अर्जुनधारा, बिर्तामोड, बुद्धशान्ति र कन्काईको साझेदारीमा अर्जुनधारा नगरपालिका-१ मा निर्माणाधीन उक्त परियोजनाको कुल लागत ५ करोड २० लाख रहेको छ । स्विस सरकार र कोसी प्रदेश सरकारले परियोजनालाई सहयोग गरेका छन् । उक्त एकीकृत विपद् व्यवस्थापन केन्द्रमा प्रहरीको युनिटसहित ४ वटा दमकल, एउटा शववाहन, प्रहरी वाहन र ३ वटा साना वाहन रहने अर्जुनधारा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तिलोचन रिमालले बताए । वाहन मर्मत गर्ने ग्यारेज, पानी जम्मा गर्ने रिजर्भियर, विपद् सामग्री भण्डारण गर्ने गोदाम, प्रहरी, कामदार र कर्मचारी बस्ने आवास, हेलिप्याड, प्रशासनिक भवनलगायत पूर्वाधार निर्माण भइरहेको उनले जानकारी दिए ।

परियोजनामा प्रदेश सरकारको ५० प्रतिशत, स्विट्जरल्यान्ड सरकारको २० प्रतिशत, बुद्धशान्ति गाउँपालिकाको ६ प्रतिशत र अन्य ३ वटा नगरपालिकाको २४ प्रतिशत लगानी रहने बिर्तामोड नगरपालिकाकी प्रमुख पवित्रा प्रसाईंले बताइन् ।

उक्त परियोजनाको सोमबार साझेदार ४ वटै पालिकाका जनप्रतिनिधिले अनुमगन गरेका छन् । सञ्चालन कार्यविधिअनुसार परियोजनाको सञ्चालन र रेखदेख ४ वटै स्थानीय तहले मिलेर गर्ने र उपयोग भने त्यसभन्दा बाहिरका पालिकाले पनि गर्न सक्नेछन् । २०८० मंसिरमा सुरु गरिएको उक्त परियोजना २ वर्षभित्र निर्माण भइसक्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख छ । हाल परियोजनाको भौतिक प्रगति ५० प्रतिशत र आर्थिक प्रगति ४० प्रतिशत रहेको परियोजनामा कार्यरत इञ्जिनियर नीता नेपालले बताइन् ।

जिल्लाको केन्द्रीय भूभाग पारेर अर्जुनधारामा निर्माण गरिने विपद् व्यवस्थापन केन्द्रबाट जिल्लाको १५ वटै पालिका र छिमेकी इलाम र मोरङ जिल्लावासी पनि लाभान्वित हुने कन्काई नगरपालिकाका प्रमुख राजेन्द्र पोखरेलले बताए ।

केन्द्रमा विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने दमकल, एम्बुलेन्स, डुंगा, शववाहन र अन्य उपकरणसहित चौबीसै घण्टा प्रहरी जनशक्ति तैनाथ रहने भएकाले कुनै पनि विपद्का बेला यसबाट उद्धार कार्यलाई छिटो र व्यवस्थित रूपमा अघि बढाउन सकिने उनले जानकारी दिए ।

# पर्यटकीयस्थल दोलालघाटमा मोटरबोट परीक्षण

काभ्रेपलाञ्चोक । जिल्लाको पर्यटकीयस्थल भुम्लु गाउँपालिका दोलालघाट क्षेत्रमा पर्ने सुनकोसी र इन्द्रावती २ नदीमा स्टिमर (मोटरबोट) सञ्चालनको तयारी थालिएको छ । यसका लागि सम्झौताअनुसार परीक्षण भइरहेको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिका क्षेत्र भएर बग्ने सुनकोसी र इन्द्रावतीमा मोटरबोट सञ्चालनार्थ गाउँपालिकाले १ वर्षअघि महाँकाल वाटर सर्भिसबीच सम्झौतासमेत गरेको थियो । मोटरबोट सञ्चालनका लागि हाल परीक्षण भइरहेको गाउँपालिका अध्यक्ष प्रेमबहादुर भुजेलले बताए । उनका अनुसार हाल १ मोटरबोटले नदीमा पानीको बहावअनुसारको रुट तथा बाधाअड्चन आउनसक्ने स्थान र सम्भावित जोखिमको पहिचान भइरहेको छ ।

परीक्षणका क्रममा दोलालघाटस्थित २ नदीको संगमस्थलबाट उत्तरतर्फ इन्द्रावती तथा पूर्वी क्षेत्रमा सुनकोसीमा मोटरबोटले सफल रूपमा सञ्चालन भएको जनाइएको हो । पहिलोपटक गत हप्ता गरिएका परीक्षणबाट अवरोध नदेखिएको भुजेलले बताए । 'परीक्षणले राम्रो सम्भावना देखिएको प्राविधिकले बताएका छन्, आवश्यक थप परीक्षणबाट कसरी सञ्चालन गर्ने भन्नेबारे २ पक्षबीच छलफल गर्नेछौं', उनले भने । उनका अनुसार सरकारको केन्द्रीय कार्यक्रमअनुसार दोलालघाटबाट सुनसरीको चतरासम्म सञ्चालन गर्ने योजना बनाइएको छ ।


Provincial Government

Ministry of Physical Infrastructure Development

Transport Infrastructure Directorate

**Infrastructure Development Office, Morang**

**Koshi Province, Biratnagar**

**First Date of publication: 19th Mangsir, 2081 (04th Dec, 2024)**

1. Infrastructure Development Office, Morang invites online Sealed Quotation for the **Upgrading of various roads in Morang and Sunsari Districts.**

| S.N. | Description of Works | Contract Identification No. | Bid Document Fee | Bid Security (NRs) | Estimated Amount (Without VAT) (NRs) |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Sunoulo Marga Hudai Sirjana Reeta Marga, Biratnagar-3, Morang | IDO/MOR/SQ/RW-152/081-82 | 1000 | 48000 | 1700999.40 |
| 2 | Upgrading of Baluwaghat Dekhi Karsiya Nahar Samma Ko Sadak Kalopatre, Dhanpalthan-5 , Morang | IDO/MOR/SQ/RW-153/081-82 | 1000 | 48000 | 1711879.05 |
| 3 | Upgrading of Jamungachhi Dekhi Sudama Chowk Hudaie Katahari-5 Simana Samma Ko Sadak, Katahari-4 , Morang | IDO/MOR/SQ/RW-154/081-82 | 1000 | 48000 | 1712498.36 |
| 4 | Upgrading of Jahada -3 Etta Bhatta Dekhi Jahada-2 Harinagara Jane Sadak, Jahada-3, Morang | IDO/MOR/SQ/RW-155/081-82 | 1000 | 48000 | 1705805.93 |
| 5 | Upgrading of Karaiban Chowk Purwa Somnath Dangal ko Ghar Dekhi Uttar Tek Prasad Adhikari ko Ghar Mastir ko Sadak, Sundarharaicha-2, Morang | IDO/MOR/SQ/RW-156/081-82 | 1000 | 48000 | 1711375.27 |
| 6 | Upgrading of Jahada Ward-6 ko Chandrananda Sah ko Ghar Dakshin jane Bharat Sima Sadak, Jahada-6, Morang | IDO/MOR/SQ/RW-157/081-82 | 1000 | 48000 | 1712726.48 |
| 7 | Upgrading of Ramprasad Ko Ghar Dekhi Durgapur Hudaie Gaderiya Samma Ko Sadak Kalopatre, Dhanpalthan-1 , Morang | IDO/MOR/SQ/RW-158/081-82 | 1000 | 48000 | 1711633.22 |
| 8 | Upgrading of Ojha Tole Ma Bato, Rangeli-3, Morang | IDO/MOR/SQ/RW-159/081-82 | 1000 | 48000 | 1701398.58 |
| 9 | Upgrading of Sunbarshi Na.Pa. Ko Karlaya Bata Dayniya Amardah Bato, Sunbarshi-9, Morang | IDO/MOR/SQ/RW-160/081-82 | 1000 | 48000 | 1711386.29 |
| 10 | Upgrading of Tulamdan Tole Dekhi Purwa Hudai Ekikrit Dalit Basti ( Sukhambadi Basti ) Samma Sadak, Jahada-1, Morang | IDO/MOR/SQ/RW-161/081-82 | 1000 | 48000 | 1711846.07 |
| 11 | Upgrading of Wada Karlaya Dakshin Thalaha Jane Sadak | IDO/MOR/SQ/RW-162/081-82 | 1000 | 48000 | 1710449.25 |

2. Interested eligible bidders may obtain further information from Infrastructure Development Office, Morang and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np/egp, A complete set of bidding documents may be inspected by the interested bidders and must submit their bid electronically only through E-procurement section of PPMO's Web Site +http://www.bolpatra.gov.np/egp., the Bidders must download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format amounting to NRs mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
3. Submission and Opening of bid

Last date of bid submission : **2081-09-04 (19th Dec, 2024)**
: Till 12:00 Noon

Bid Opening : **2081-09-04 (19th Dec, 2024)**
: 13:00 Hrs

5. ***Account Details for Bid Security***
*Name of the Bank: Rastriya Banijya Bank*
*Name of Office: Pradesh Lekha Niyantrak Karyalaya, Pradesh No-1, Morang, Biratnagar*
*Office Account no.:* **2120100202030000**
*Office Code no.* **3370113011**
6. ***Account Details for Bid Document Fee***
*Name of the Bank: Rastriya Banijya Bank* *Name of Office: Infrastructure Development Office, Biratnagar*
*Office Account no.: **1001002010100001*** *Rajaswa (revenue) Shirshak no. : **14229***
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# स्थानीय उपनिर्वाचनले दिएको सन्देश

मिनी जनमत संग्रहका रूपमा हेरिएको स्थानीय तह उपनिर्वाचनको मत परिणाम आइसकेको छ । उपनिर्वाचन भएका ४४ मध्ये अघिल्लोपटक २७ ठाउँमा जितेको कांग्रेसले यसपटक १९ ठाउँमा मात्रै जितेको छ। अघिल्लोपटक ८ ठाउँमा जितेको माओवादी केन्द्रले ११ ठाउँमा जितेको छ। अघिल्लोपटक ७ ठाउँमा जितेको एमलोले ८ ठाउँमा जितेको छ। अघिल्लोपटक एक ठाउँमा जितेको जसपाले यसपटक २ ठाउँमा जितेको छ। पहिलोपटक स्थानीय चुनाव लडेको रास्वपाले १ ठाउँमा जितेको छ । यसैगरी एकीकृत समाजवादी, नेमकिपाले १–१ ठाउँमा जितेका छन्। स्वतन्त्रले १ ठाउँमा जितेको छ। अघिल्लोपटक पनि १ ठाउँमा जितेको थियो। उपनिर्वाचन भएका स्थान मध्ये सबैभन्दा धेरै मतदाता रहेको कीर्तिपुर नगरपालिकामा नेपाली कांग्रेसले विगतको जितलाई निरन्तरता दिएको छ भने दोस्रो ठूलो मतदाता रहेको काठमाडौँ महानगरपालिका–१६ मा राष्ट्रिय स्वतन्त्र पार्टीले नेपाली कांग्रेसको वडाध्यक्षपद खोसेको छ । यो वडामा नेपाली कांग्रेस तेस्रो बनेको छ। अघिल्लोपटक एमालेविरुद्ध कांग्रेस, माओवादी र नेकपा एसले मोर्चाबन्दी गरेका थिए । तर यसपटक सबै एक्लाएक्लै चुनाव लडे । तर यसको लाभ नेकपा एमालेले लिन सकेन । यसपटक एक्लै चुनाव लड्नुपरेका कारण कांग्रेसलाई नोक्सानी हुनु स्वभाविकै थियो । तर माओवादीले भने थप लाभ हासिल गर्‍यो ।

गत आइतबार सम्पन्न स्थानीय उपनिर्वाचनको मत परिणामले विविध सन्देश दिएको छ । पहिलो सन्देश त वर्तमान सरकारसँग जनता सन्तुष्ट छैनन् भन्ने नै हो । किनकी सत्ता साझेदार नेपाली कांग्रेसले धेरै स्थान गुमाएको छ । दोस्रो सन्देश जनताले भरपर्दो वैकल्पिक शक्ति खोजिरहेका छन् भन्ने दिएको छ । किनकी साढे २ वर्षअघि चुनाव जित्ने पार्टीहरूले अधिकांश स्थानमा यसपटक पराजय बेहोरे । यसैगरी विकल्प दिने अभियानका साथ आएका शक्तिहरूले जनताको मन जित्न अझै बाँकी रहेछ भन्ने सन्देश पनि मत परिणामले दिएको छ। किनकी रास्वपा, जनमत, राप्रपा लगायतका पार्टीहरूले प्राप्त गरेको मत नगन्य छ। साढे २ वर्षको यो अन्तरालमा साविकका पार्टीको कामप्रति जनता असन्तुष्ट रहेछन् भन्ने देखिएको छ। नेपाली कांग्रेससँग जनता सबैभन्दा बढी असन्तुष्ट रहेछन् भन्ने कुरा परिणामले पुष्टि गरेको छ । प्रमुख प्रतिपक्षीदल नेकपा माओवादी केन्द्रको भूमिकाप्रति जनतामा आशा जागेको रहेछ भन्ने कुरा पनि पुष्टि भएको छ। काठमाडौं–१६ बाहेक अन्यत्रको चुनाव विश्लेषण गर्दा कम्युनिस्ट जनमत नेपालमा अहिले पनि ६० प्रतिशतभन्दा माथि छ भन्ने संकेत देखियो । तर सहरी जनमत भने कम्युनिस्टहरूको निरन्तर खस्कँदो छ भन्ने संकेत पनि देखियो। नेपाली कांग्रेसलाई रास्वपाले आगामी दिनमा बढी नै क्षति पुर्‍याउने संभावना बढ्यो । यसैगरी ग्रामीण क्षेत्रका जनता अझै पनि परम्परागत दलहरूबाट सन्तुष्ट छैनन् भन्ने पनि देखियो।

स्थानीय तहको उपनिर्वाचनलाई धेरैले चासोका साथ हेर्नुको मुख्य कारण राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाको पहिलो सहभागिता थियो । किनकी गत स्थानीय निर्वाचनभन्दा ३ महिनापछि खुलेको राष्ट्रिय स्वतन्त्र पार्टीले आमनिर्वाचनमा ठूला दलहरूलाई टक्कर दिएको थियो। संसदीय उपनिर्वाचनमा ठूला दलहरूको परम्परागत किल्लालाई नै क्लिन स्विप गरिदिएको थियो। स्थानीय तहमा उसको के कस्तो हैसियत छ भन्ने मापन हुन बाँकी थियो। रास्वपाले अघि सारेको आफ्नो मिसन २०८४ को अभियानले पनि यो चासो देखाएको थियो। तर अहिलेको मत परिणामले नवोदित शक्ति रास्वपा ग्रामीण क्षेत्रका जनतासम्म पुग्न बाँकी नै रहेछ भन्ने देखियो।

## मंसिर १९ गतेको राशिफल

| | |
|---|---|
| मेष | हानी । |
| वृष | चिन्ता बढने । |
| मिथुन | यात्रा प्राप्त । |
| कर्कट | प्रेममा सफलता । |
| सिंह | कार्यमा अवरोध । |
| कन्या | कार्यमा अवरोध । |
| तुला | मन प्रसन्न । |
| वृश्चिक | कार्यमा अवरोध । |
| धनु | रोग मुक्त । |
| मकर | मान हानी । |
| कुम्भ | लाभ । |
| मीन | कार्य सफल । |



ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya

# मधेस राजनीतिमा सद्भावना पार्टीको उतारचढाव



श्रीमन नारायण

नेपाल सद्भावना पार्टीलाई देशको सबैभन्दा पुरानो सार्थक मधेसी दलको मान्यता प्राप्त भयो । हुनत २०१० सालतिर कुलानन्द झा, रामजनम तिवारी र वेदानन्द झाद्वारा गठित तराई कांग्रेसलाई नेपालको पहिलो मधेसी दल मानिन्छ । जसले देशको पहिलो आमनिर्वाचन पनि लडेको थियो र २ प्रतिशत जति मत पनि ल्याएको थियो, तर राजा महेन्द्रद्वारा २०१७ पुस १ गते देशमा संसदीय बहुदलीय लोकतन्त्रलाई समाप्त पारी निर्दलीय पञ्चायती व्यवस्थालाई लादिएपछि नेपाली कांग्रेस र कम्युनिस्टका कतिपय नेताहरू जस्तै तराई कांग्रेसका अधिकांश नेताहरू पनि पञ्चायतमा प्रवेश गरे ।

केही सिद्धान्तवादी र संघर्षशील नेताहरू लोकतन्त्रको पक्षमा उभिए तथा जेल यातना र निर्वासनको पीडा भोग्न पनि तयार भए । २०४६ सालमा देशमा प्रजातन्त्रको पुनःस्थापनाका लागि भएको आन्दोलनको सफलतापश्चात देशमा राजनीतिक दलहरू सक्रिय हुन थाले । यसै क्रममा २०३९ सालमा बसाइँसराइसम्बन्धी जनसंख्या प्रतिवेदनको विरुद्धमा खुलेको नेपाली सद्भावना परिषद्लाई पनि गजेन्द्रनारायण सिंह र रामजनम तिवारी लगायतका नेताहरू मिलेर एउटा राजनीतिक पार्टीको आकार दिए । नेपाल सद्भावना पार्टीको रूपमा खोलिएको यस पार्टीले २०४८, २०५१ र २०५६ सालको आमनिर्वाचनमा ३ प्रतिशतभन्दा बढी मत ल्याई राष्ट्रिय राजनीतिक दलको मान्यता पनि प्राप्त गरेको थियो। तर, नेपाल सद्भावना पार्टीका नेताहरूमा देखिएको सत्ता र पदको लोभ, जातिवाद तथा परिवारवाद तथा निहित स्वार्थपूर्तिको खेलले नेपाल सद्भावना पार्टीको मर्यादित इतिहासलाई नै धुमिल बनाउने काम गर्‍यो ।

एउटै पार्टीको नाममा विभिन्न समूह खडा गर्ने, निर्वाचन आयोगसम्म विवाद पुर्‍याउने र सर्वोच्च अदालतको फैसलापश्चात फेरि नयाँ दल खोल्ने काम हुँदै आएको छ । गजेन्द्रनारायण सिंहकै कतिपय यस्ता वफादार सिपाहीहरू छन् जो कम पुँजी लगाएर नेपाल सद्भावना पार्टीको खरिद गर्ने तथा बढी पैसा दिनेलाई बिक्री गर्दै आएका छन् । यसपटक पुनः नेपाल सद्भावना पार्टीको खरिद बिक्रीका लागि बैना रकम दिने काम भइसकेको छ। यसै महिनाको पहिलो सातामा जनकपुर र वीरगन्जमा सम्पन्न नेपाल सद्भावना पार्टीको महाधिवेशनको विषय निर्वाचन आयोगसमक्ष पुगेको छ ।

२०४७ सालमा स्थापित नेपाल सद्भावना पार्टीले २०४८ सालमा भएको पहिलो आमनिर्वाचनमा ४ प्रतिशत जति मतसहित ६ वटा सिट जितेको थियो । पार्टीका संस्थापक र बरिष्ठ नेता रामजनम तिवारीलाई राष्ट्रिय सभामा ल्याउने वाचा गजेन्द्रनारायण सिंहले गरेका थिए र उनलाई चुनावमा उम्मेदवार नबनाई चुनाव प्रचारमा खटाइएको थियो । निर्वाचन परिणाम घोषित भएपछि पार्टीलाई राष्ट्रिय सभामा पनि एउटा सिट प्राप्त भएको थियो तर पार्टी अध्यक्ष गजेन्द्रनारायण सिंहले सो स्थानमा रामजनम तिवारीलाई नल्याई जातीय सन्तुलन मिलाउने तर्क राख्दै सर्लाही-४ मा पराजित पार्टीका उम्मेदवार रामेश्वर राय यादवलाई राष्ट्रिय सभामा ल्याए । यसवाट व्यथित रामजनम तिवारीले २०४९-०५० सालतिर नेपाल सद्भावना पार्टी (आर) को गठन गरे, उनलाई पार्टीका बरिष्ठ नेताहरू रामचन्द्र मिश्र, श्यामलाल मिश्र र भाग्यनाथ गुप्ताहरूले सहयोग गरेका थिए ।

२०५१ सालको मध्यावधि चुनाव ताका नेसपा (आर) को विलय नेपाल सद्भाव पार्टीमा भयो । 'आफनो हातबाट रोपिएको विषवृक्षलाई उखेल्न र काटन माया लाग्छ, तर यो त राजनीतिक पार्टी हो भन्दै रामजनम तिवारी मूल पार्टीमा फर्किए । २०५१ सालको मध्यावधि निर्वाचनमा नेपाल सद्भावना पार्टीको मत प्रतिशत र सिट संस्थामा ह्रास आयो । नेकपा एमालेको अल्पमतको सरकार अस्तित्वमा आयो ।

विपक्षी दलहरू संसद्का समितिको नेतृत्व आफनो हात्तमा लिन चाहन्थे नेपाली कांग्रेस, राप्रपा र सद्भावना अध्यक्ष गजेन्द्रनारायण सिंहबीच यस विषयमा सहमति पनि कायम भएको थियो तर नेकपा एमालेले संसद्को सार्वजनिक लेखा समितिको सभापतिको महत्वपूर्ण पद नेपाली कांग्रेसको सट्टा सद्भावना पार्टीलाई दिने प्रस्ताव गर्‍यो, तर गजेन्द्रनारायण सिंह विपक्षी मोर्चामा सामेल हुन चाहन्थे जबकी पार्टीका प्रखर वक्ता र कुशल सांसद हृदयेश त्रिपार्टी भने संसद्को यो महत्वपूर्ण समिति पार्टीको पक्षमा रहोस् भने चाहन्थे ।

त्रिपाठीलाई सार्वजनिक लेखा समितिको सभापति बनाउने विषयमा एमाले मात्रै होइन राप्रपाभित्र पनि सहमति बन्दै गयो र उनी सार्वजनिक लेखा समितिको सभापतिमा निर्वाचित भए । गजेन्द्रनारायण सिंहलाई यो कुरा मन परेको थिएन । तर, पार्टी भित्रकै २ अन्य नेताहरू रामेश्वर राम यादव र राजेन्द्र महतोहरू खुलेर त्रिपाठीको पक्षमा उभिएका थिए । पार्टी अध्यक्ष गजेन्द्रनारायण सिंहले त्रिपाठीमाथि अनुशासनको कारबाही गरेपछि पार्टी विभाजनतिर गयो । २०५३ सालमा रामेश्वर राय यादवको नेतृत्वमा समाजवादी जनता दलको गठन भयो ।

त्रिपाठी, राजेन्द्र महतो र सरिता गिरीहरू यसमा सहभागी थिए । भित्र विवाद बढ्दै जाँदा एक अन्य सांसद अनिश अन्सारी भने नेपाली कांग्रेसमा प्रवेश गरे । मित्र धर्मको निर्वाह गर्दै त्रिपाठीले पनि आफ्नो कोटामा आएको वन तथा भू-संरक्षण मन्त्रालय रामेश्वर राय यादवलाई दिए । २०५४ सालको अन्त्यतिर समाजवादी जनता दलको विलय पनि नेपाल सद्भावना पार्टीमा भयो । २०५४ सालको विराटनगर महाधिवेशनमा पार्टीका केही युवाहरू गजेन्द्र नारायण सिंहलाई मानार्थ नेता बनाएर पार्टीको नेतृत्वमा आउन चाहन्थे तर दिग्गज गजेन्द्र नारायण सिंहतर्फ यो कुरा मन परेको थिएन, अन्ततः उनी नै अध्यक्ष भए र पार्टीका युवा नेताहरू गोविन्द चौधरी, जितेन्द्र सोनल तथा सरिता गिरीहरू बहिष्करणमा पर्न थाले ।

२०५८ माघ १० गते गजेन्द्रनारायण सिंहको निधनपश्चात पार्टी उपाध्यक्ष बद्रीप्रसाद मण्डल पार्टीका कार्यवाहक अध्यक्ष बनाइए । २०५९ असोज-कात्तिकतिर निर्धारित ६ महिनाभित्र महाधिवेशन नगराइकन नै बद्रीप्रसाद मण्डलले थप ६ महिनाका लागि आफ्नो कार्यकाल बढाउने प्रस्ताव केन्द्रीय समितिमा ल्याउँदा त्रिपाठीले त्यसको विरोध गरेका थिए । जबकी त्यतिवेला बद्रीप्रसाद मण्डल देशका उपप्रधान स्थानीय एवं कृषि मन्त्री भएका कारण पार्टीका अन्य कुनै पनि नेताले उनको विरोध गरेनन् । बद्रीप्रसाद मण्डलले पार्टीका अन्य कतिपय नेतालाई मन्त्री बनाइदिन्छु भन्ने आश्वासन बाँडेका थिए ।

२०५९ सालको चैततिर बद्रीप्रसाद मण्डलले राजविराज महाधिवेशनमा आफना १-१ विरोधीलाई किनारा गरी पार्टीमा वर्चस्व बढाउन थालेपछि पार्टीका नेताहरू त्रिपाठी, भरतविमल यादव, राजेन्द्र महतो, सरिता गिरी, अनिस अन्सारीहरूले गजेन्द्रनारायण सिंहकी विधवा श्रीमती आनन्दीदेवी सिंह (७२ वर्षीयालाई) पार्टीको अध्यक्ष बनाए । विधिवत महाधिवेशनवाट बद्रीप्रसाद मण्डल र समानान्तर अधिवेशनवाट आनन्दीदेवी सिंह अध्यक्ष बनाइए । निर्वाचन आयोग र सर्वोच्च अदालतबाट पनि बद्रीप्रसाद नेतृत्वको कमिटी नै मान्य भएपछि नेसपा (आनन्दी देवी) को गठन भयो ।

यसरी एकातिर बद्रीप्रसाद मण्डल नेतृत्वको पार्टी राजा ज्ञानेन्द्रको कदमको पक्षमा उभियो भने आनन्दीदेवी लोकतन्त्रका बहालीको माग गर्दै सडक आन्दोलनमा आयो । जनआन्दोलन-२ को सफलतापश्चात श्रीमती आनन्दीदेवी नेतृत्वको नेसपा (आ) मा विवाद बढ्दै गयो । मन्त्री तथा संसद्को पद हात पार्न कलह सुरु भयो ।

बद्री मण्डलले आफनो ठाउँमा लक्ष्मणलाल कर्णलाई अध्यक्ष बनाए । त्रिपाठीले १० महिनापछि पदबाट राजीनामा गरे । राजेन्द्र महतोले आनन्दीदेवीको हस्ताक्षरवाट सिफारिस गराई मन्त्री बने । २०६४ असारमा राजेन्द्र महतोले लक्ष्मणलाल नेतृत्वको पार्टीको सम्पूर्ण जिम्मेवारी स्वीकार गरी पार्टी एकीकरण गराए । ३ महिनापछि महाधिवेशन मार्फत राजेन्द्र महतो नेसपा (आ) को नेतृत्व लिन चाहन्थे तर नेसा र नेसा (आ) को एकीकरण हुँदा त्रिपाठी, रामेश्वर राय यादव, भरत विमल यादवलाई कमिटीमा नराखिएको कारण विवाद भयो ।

राजेन्द्र महतो नेतृत्वको बीरगन्ज महाधिवेशन निर्वाचन आयोग र अदालतवाट मान्य भएन । पछि सदभावना पार्टीमा पनि विवाद भयो र संघीय सद्भावना पार्टी र राष्ट्रिय सद्भावना पार्टीका जन्म भयो जबकी, नेसा (आ) मा विवाद हुँदा श्यामसुन्दर गुप्ताले छुट्टै पार्टी खोले तर मान्यता सरिता गिरीहरूले पाए । २०७१ सालमा सरिता गिरीले पनि संघीय सदभावना पार्टीसित एकीकरण गरिन् तर त्यो नेपाल सद्भावना पार्टी पनि २०७४ वैशाखमा राष्ट्रिय जनता पार्टीमा समाहित भयो । धनुषाका रामकुमार महतोले पुनः नेपाल सद्भावना पार्टी खोले ।

रामकुमार महतोले जनकपुरमा नेपाल पार्टीको अधिवेशन गरेका छन् जबकी पूर्वमन्त्री रामचन्द्र कुशवाहाले वीरगन्जमा दुवै पक्षले मान्यताका लागि निर्वाचन आयोगमा निवेदन दिएको छ । २०४७ सालदेखि २०६३ सालसम्म गौरवशाली इतिहास बोकोको नेसपा र नेसपा (आ) अचेल सार्वजनिक वाटोको ढुंगा भएको छ, जसलाई जो कोहीले पनि लात हानिरहेको अवस्था छ ।

# पुष्पलालको प्रगतिवादी दर्शन र समाजवादी चिन्तनधारा



लोकनारायण सुबेदी

नेपाली कम्युनिस्ट आन्दोलनका शिखर पुरुष पुष्पलालको जन्म शतवार्षिकी सन्दर्भमा दर्शनका क्षेत्रमा उहाँले ध्यान दिएका महत्वपूर्ण कुराहरू हेर्दा उहाँले ग्रहण गरेको दर्शनमा निम्न महत्वपूर्ण तथ्य र निष्कर्ष रहेको हामी पाउँछौं ।

संसार अर्थात जीवन र जगतलाई हेर्ने, बुझ्ने, र व्याख्या गर्ने तथा फेर्ने दृष्टिकोण नै दर्शन हो । यसलाई प्रकृति र मानव समाजलाई हेर्ने सुक्ष्म आँखा पनि भनिन्छ । यसले हरेक बस्तु र घटनाहरूलाई हेर्ने, जाँच्ने, बुझ्ने र त्यस अनुरूप आफ्नो धारणा बनाउने र जीवन व्यवहारलाई निर्धारण गर्ने गर्दछ । दर्शनलाई कार्ल मार्क्सले हरेक सच्चा दर्शन आफ्नो समयको बौद्धिक सारतत्व र संस्कृतिको जीवन्त आत्मा हो भनेका छन् । तर यसलाई रूढ रूपमा बुझिनु हुन्न यो गत्यात्मक हुन्छ र दर्शनले संसारको व्याख्या मात्र गर्ने होइन यसले संसारलाई बदल्ने बाटो देखाउँछ भनेका छन् । दार्शनिकहरूले अहिलेसम्म संसार यस्तो छ उस्तो छ भनेर व्याख्या मात्र गरे तर दर्शनको मूख्य काम त यो संसारलाई बदल्नु हो भनेर दर्शनको प्रयोजनीयतको दिग्दर्शन काल मार्क्सले गराए ।

इतिहास हेर्दा अहिलेसम्म यो ग्रिक भाषाको प्रेम र विवेक अर्थात फिलो र सोफियाबाट अग्रेजीमा फिलोसफी भनेर दर्शन शब्दको बनेको देखिन्छ । दर्शनको विकास २ हजार ५ सयदेखि ३ हजार वर्षअघि युनानबाट भएको मानिएको छ । यसको प्रथम प्रयोगकर्ता गणितशास्त्री पाइथागोरस मानिन्छन् ।

आदर्शवादी दर्शनको जन्मदाता प्लेटो हुन् । त्यसरी नै थेल्स प्रथम प्रकृतिवादी युनानी दार्शनिक थिए । यसअन्तर्गत हेराक्लिट्स, पाइथागोरस र डेमोक्रेट्स लगायतका दार्शनिकहरू पर्दछन् । हेगेल आध्यात्मवादमा आधारित द्वन्द्ववादी दार्शनिक थिए भने फायरवाख अधिभूतवादी भौतिकवादी दार्शनिक थिए ।

मार्क्सभन्दाअघि थोमस मेन्जर, थोमस मोर, सेन्ट साइमन, चार्ल्स फुरियर, रोवर्ट ओवेन लगायतका काल्पनिक समाजवादी र मानवतावादी दार्शनिकहरू देखापरेका थिए । पछिल्ला प्रसिद्ध जर्मन शास्त्रीय दार्शनिक हेगेल र फायरवाखको एकलकाटे द्वन्द्ववाद र भौतिकवादलाई जोडेर या मिलाएर कार्ल मार्क्सले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनको आविष्कार गरे । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन सर्वहारा वर्गीय दर्शन हो ।

दर्शनको क्षेत्र जीवन र जगतको अन्तरसम्बन्ध, पदार्थ र चेतनाको अन्तरसम्बन्ध, प्रकृति र समाजलाई सञ्चालन गर्ने चालक नियमहरूको अध्ययन नै दर्शनको क्षेत्र हो । प्रकृति र मानव समाज एवं चिन्तनका अधिशासित नियमहरू, पदार्थ र चेतना बीचको अन्तरसम्बन्धका क्षेत्रहरू र सत्य वा यथार्थ वास्तविकताको ज्ञान एवं जीवन र जगतको विकास वा परिवर्तनका नियमहरूको समग्र पक्ष नै दर्शनको क्षेत्रभित्र पर्दछ ।

मानिसलाई साँचो कुरा बुझ्न, सही दृष्टिकोण वा धारणा निर्माण गर्न, मानव समाज रूपान्तरणको लागि मार्गदर्शन गर्न, चिन्तनका आमनियमहरू लागू गर्न, पदार्थ र चेतनाको अन्तरसम्बन्धको अध्ययन गर्न र समाजको वास्तविकता बोध गर्न दर्शनको महत्वपूर्ण भूमिका हुन्छ । सर्वहारा वर्गीय दर्शनले संसारलाई बुझ्न, व्याख्या गर्न र बदल्न सम्भव तुल्याउँछ ।

चिन्तन र सत्ताको सम्बन्धको प्रश्न दर्शनशास्त्रको मौलिक प्रश्न हो । पदार्थ र चेतनामध्ये कुन प्राथमिक हो भन्ने बहस नै दर्शनको मूख्य प्रश्न हो । जीवन र जगत बोधगम्य छ कि छैन भन्ने प्रश्न दर्शनको दोस्रो महत्वपूर्ण प्रश्न हो । आदर्शवादले विश्व अज्ञेय भएको निष्कर्ष निकाल्छ भने भौतिकवादले विश्व बोधगम्य भएको निष्कर्ष निकाल्छ । यसरी पदार्थ र चेतनाको प्राथमिकतामा रहेको बहस र जगतको बोधगम्यताबारे विवाद नै अहिलेसम्मको दर्शनकामूल प्रश्न बनेर रहेका छन् ।

दार्शनिक सिद्धान्तहरू २ खालका छन् । आदर्शवादी र भौतिकवादी । यी २ सिद्धान्तका बीचमा हुने बहसले नै दर्शन र मानव समाजलाई २ वर्गमा वर्गीकृत गर्छ । आजसम्मको मानव समाजको सम्पूर्ण इतिहास २ वर्ग दृष्टिकोण बीचकै बहस र संघर्षको उपज हो । यो संघर्षमा आदर्शवादी वा आध्यात्मवादी दर्शनले विश्व ब्रम्हाण्ड ईश्वर, परमात्मा वा अदृश्य शक्तिबाट पैदा भएको, चेतना वा आत्मालाई सृष्टिको आदितत्व तथा पदार्थको अस्तित्व निर्धारक स्वीकार गर्ने साथै संसारलाई बुझ्न नसकिने र अपरम्पार ठान्ने गर्छ । यसले जीवन र जगतलाई अलौकिक शक्तिको उपज र अपरिवर्तनशील एवं अज्ञेय मान्छ ।

भौतिकवादी दर्शनले पदार्थलाई सृष्टिको आदितत्व तथा चेतनालाई पदार्थको विशिष्ट गुण मान्ने र संसारलाई बुझ्न, विश्लेषण गर्न र बदल्न सकिन्छ भन्ने ठान्दछ । भौतिकवादी दर्शनले पदार्थलाई निर्णायक मान्दछ, जीवन र जगतलाई बुझ्न सकिने र त्यसका लागि वैज्ञानिक अनुसन्धान गर्नुपर्ने मान्यतामा विश्वास राख्छ । यसले सम्पूर्ण भौतिक वस्तुहरू गतिशील रहेका हुन्छन् भन्ने यथार्थ बोध गराउँछ ।

वास्तवमा यी २ दर्शनका बीच ठूलो अन्तर छ । आदर्शवादले चेतना पहिलो वा प्राथमिक, चेतनाले स्वयं अस्तित्व निर्धारण गर्ने मान्यता राख्छ । यसले संसारलाई जान्न नसकिने अज्ञेय ठान्दछ । ईश्वरलाई सर्वशक्तिमान, निराकार, नित्य, अविनाशी र सर्वव्यापी भएको मान्छ । आदर्शवादका दृष्टिमा ज्ञान ईश्वरबाट प्राप्त हुन्छ । यस प्रकार आदर्शवादले मानव संसार ईश्वरको रचना हो, आत्मा अमर रहन्छ, जीवनको पूर्वजन्म र पुनर्जन्म हुन्छ, धर्मशास्त्रमा लेखिएका कुराहरू सत्य हुन् भन्ने ठान्छ । यसरी यो दर्शन यथास्थितिवादी विचार र प्रतिक्रियावादी वर्गको वर्गहितको रक्षा गर्ने दर्शन बन्छ ।

भौतिकवादी दर्शनले आध्यात्मवादी दर्शनको ठीक विपरीत पदार्थ पहिलो वा प्राथमिक हो र पदार्थबाटै चेतनाको निर्माण वा विकास हुने मान्यता राख्छ । भौतिकवादी दर्शनका दृष्टिमा संसार बोधगम्य वा ज्ञेय छ, ईश्वर कल्पना हो, अलौकिक र अदृश्य शक्ति छैन, ज्ञानको श्रोत व्यवहार हो, समाज वस्तुगत जगतको विकासको परिणाम हो भन्ने मान्यता प्रष्टसँग दर्शाउँदछ । यसले विज्ञानमा विश्वास गर्दछ, पूर्वजन्म र पुनर्जन्म हुँदैन, ईश्वर, धर्मजस्ता मान्यता शोषणमा आधारित शासक वर्गले आफ्नो हितको रक्षार्थ खडा गरेका हतियार मान्दछ । भौतिकवाद सर्वहारा वर्गको दर्शन हो ।

दर्शन कहाँबाट जन्मिन्छ ? माओत्सेतुङका अनुसार दर्शन सामाजिक व्यवहारबाट जन्मिन्छ । मानिसले जीवनयापनका क्रममा प्रकृतिसँग संघर्ष गर्दछ, मानव जीवनमा उत्पादनका निम्ति गरिने संघर्ष, वर्गसंघर्ष र वैज्ञानिक प्रयोगका क्रममा नै ज्ञानको विकास हुन्छ । ज्ञानको आधुनिक र उच्चतम रूप नै दर्शन हो । हाम्रा सम्पूर्ण आर्थिक सामाजिक गतिविधिहरूको संश्लेषण नै दर्शन हो ।

माओत्सेतुङले दर्शन अघाएकाहरूबाट होइन, भोकाहरूबाट जन्मिन्छ पनि भनेका छन् । अघाएकाहरूसँग संघर्षको भोक जाग्दैन, तृप्तिले ज्ञानको ढोका बन्द गरिदिन्छ । तसर्थ, मानिस जीवन संघर्षका क्रममा गर्ने सामाजिक व्यवहारबाट नै दर्शनको विकास हुन्छ । माओले थप्दै भनेका छन्, 'दर्शन दरबार र महलहरूबाट होइन, झुपडीहरूबाट जन्मिन्छ । श्रमिक-किसान नै त्यस्तो वर्ग हो, जसले आधुनिक समाजको सिर्जना गर्दछ, त्यस क्रममा प्राप्त हुने व्यावहारिक ज्ञानको संश्लेषण नै दर्शन हो ।

यसरी यी २ आध्यात्मवादी र भौतिकवादी दर्शनका बीचको प्रष्ट भिन्नता र मर्म बुझ्नु भएका कामरेड पुष्पलालले द्वन्द्वात्मक भौतिकवादी दर्शनको अवलम्बन गर्नुभयो र त्यसै अनुरूप जीवन र जगतको अध्ययन गर्दै नेपाली समाजको व्याख्या र विश्लेषण गर्न पनि यो दर्शनलाई आधार बनाउनुभयो ।

नेपाल कम्युनिस्ट पार्टी स्थापना गर्नुभन्दा पहिला विश्व प्रसिद्ध 'कम्युनिस्ट घोषणापत्र'को नेपालीमा अनुवाद गर्दै गर्दा त्यसको पृष्ठभूमि या भूमिका लेख्दा होस् यो 'नेपाल कम्युनिस्ट पार्टीको घोषणापत्र' लेख्दा होस् या नेपाली जनआन्दोलनको समीक्षा गर्दै 'नेपाली जनआन्दोलन : एक समीक्षा' लेख्दा या 'नेपालमा मातृसत्तात्मक समाज' नामको सानो पुस्तिका लेख्दा होस् या 'नेपालको सर्वेक्षण' बारे लेख्दा या 'समाजशास्त्रीय फुटकर शब्दहरूको व्याख्या' गर्दा होस् उहाँले यही द्वन्द्वात्मक भौतिकवादी दर्शनलाई आधार बनाएको प्रष्ट देख्न सकिन्छ । अनि 'नयाँ जनवादी सांस्कृतिक संघको घोषणापत्र या अखिल नेपाल किसान संघको घोषणपत्र' लेख्दा वा प्रगतिशील बुद्धिजीवीको कर्तव्यसम्बन्धी लेख या बुद्धिजीवी सम्मेलनलाई सम्बोधन गर्दा होस् द्वन्द्वात्मक भौतिवादलाई नै उहाँले अनुशीलन गर्नुभएको छ । यसरी उहाँ नेपालमा पहिलो द्वन्द्वात्मक भौतिकवादी दर्शनको व्याख्याता तथा अग्रज अनुशीलनकर्ताको रूपमा खडा हुनुभएको प्रष्ट छ ।

मार्क्सवादी दर्शन, चिन्तन र चरित्रलाई अनुग्रहण गर्ने तथा त्यसबाट अनुप्राणित हुँदै त्यसलाई अनुशीलन गर्ने कमरेड पुष्पलालको प्रगतिशील राजनीतिक यात्रा प्रगतिशील दर्शन र प्रगतिवादी चिन्तनधाराको दिशामा अग्रसर छ । यसरी उहाँको दृष्टिकोण स्वभावतः द्वन्द्वात्मक भौतिकवादी दर्शनमा आधारित हुन पुग्छ । त्यसै आधारमा उहाँले समाज र प्रकृतिलाई तिनको निरन्तर गत्यात्मकता र परिवर्तनलाई हेर्ने, केलाउने र सही संश्लेषणमा पुग्ने गर्नुहुन्थ्यो । उहाँले जीवन र जगतलाई हेर्ने दृष्टिकोण प्रगतिवादी, अग्रगामी र परिवर्तनमुखी दर्शनमा आधारित थियो र हो ।

# व्यावसायिक बन्दै नेपाली फूल खेती

जब तिहार आउँछ अनि नेपालमा फूल तथा फूलखेतीको बहस चल्छ । तिहार नै फूलको कारोबार हुने मुख्य समय भएकोले पनि यो बेला फूल तथा फूलको कारोबारले चर्चा पाउनु पनि स्वभाविकै हो । यो वर्ष तिहारमा नेपाली पुष्प व्यवसायीले ४० करोड रुपैयाँ बराबरको फूल तथा माला बिक्री गरेको तथ्यांक छ । यो तथ्यांक कारोबार गर्नेहरूको मात्र हो । देशभर धेरै माला प्रयोग हुन्छन, आफ्नै बारीको फूल प्रयोग गरी माला बनाउनेको तथ्यांक भने यसमा छैन ।

## व्यवसायिक फूल खेतीको सुरुआत

२०११ सालमा लाजिम्पाटमा एउटा नर्सरीको स्थापना भएको रहेछ । त्यहाँबाट फूल खेतीको व्यावसायिक सुरुआत भएको देखिन्छ । बिस्तारै बढदै जाँदा २०४९ सालसम्म आइपुग्दा पनि काठमाडौँमा १०-१२ वटा जति मात्र नर्सरी खुलेका रहेछन । २०४९ सालमा नेपालमा फ्लोरिकल्चर एसोसिएसन नेपालको स्थापना हुँदा संस्थामा कार्यसमितिको लागि व्यवसायी नपुगेर अन्य किसानहरू जस्तै गाईपाल्ने तथा खेती गर्नेलाई समेत ल्याएर सदस्य बनाइएको इतिहास छ । हाम्रो विधानमा फ्लोरिकल्चर एसोसिएसन नेपालको संरक्षक राजपरिवार हुनेछ भनेर लेखिएको रहेछ । नेपालमा फूल खेती बिस्तारमा राजपरिवारको पनि महत्वपूर्ण योगदान छ । अलि सौखिन हुने भएकाले होला राजपरिवारको चासो फूलमा धेरै नै हुन्थ्यो । अहिले भने भूपू अध्यक्ष र संस्थापक सदस्य रहेको सभापति परिषद्लाई संस्थाको संरक्षक बनाइएको छ ।

२०५३ सालेदेखि गोदावरी फूलको प्रदर्शनीमा राजपरिवारले सहयोग गर्दै आएको थियो । यस्ता प्रदर्शनीमा राजदरबारले सिधै आर्थिक सहयोग गर्दै आएको थियो । २०५३ देखि २०६२ सालसम्म लगातार राजदरबारकै सहयोगमा गोदावरी फूलको प्रदर्शनी भएको थियो ।

२०५१ सालदेखि नै फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान) ले राष्ट्रिय स्तरको पुष्प प्रदर्शनी गर्दै आएको थियो । प्रदर्शनी सुरुआत भएदेखि नै बजारले फड्को मार्दै गएको देखिन्छ । ६० को दशकमा आउँदासम्म लगभग २०० को हाराहारीमा व्यवसायीको संख्या पुगेको देखिन्छ । सबैभन्दा बढी ६० देखि ८० को २० वर्षमा व्यवसायीको संख्या र बजार बढेको देखिन्छ ।

हाल यो संस्थाको सदस्य ६८२ जना पुगेका छन् । देशभर सदस्य नभएका पनि हेर्दा करिब १ हजार १७४ जनाले पुष्प व्यवसाय तथा फूल खेती गरेको पाइन्छ । गत वर्ष संकलन गरेको तथ्यांकअनुसार ५२ जिल्लामा फूल खेती भइरहेको छ । देशभर हाल २६० हेक्टर क्षेत्रफलमा फूल खेती हुन्छ । यो पहिलाको तुलनामा बढेको हो । आव २०७९/०८० सम्म २२१ हेक्टर क्षेत्रफल मात्रै थियो ।

२०७७/०७८ मा ४४ जिल्लामा ७५३ व्यवसायी थिए भने, त्यो संख्या बढेर आर्थिक वर्ष २०८०/०८१ मा ५२ जिल्ला खेती बिस्तार भएको छ । व्यवसायीको संख्या १ हजार १७४ पुगेको छ । हाल कुल लगानी ८ अर्ब ८३ करोड रुपैयाँ रहेको छ । वार्षिक ३ अर्ब ६८ करोड व्यापार हुन्छ भन्ने आधिकारिक तथ्यांक छ । तर, अनौपचारिक (अवैध भित्रिएको समेत) कारोबार हेर्ने हो भने १० अर्बको कारोबार हुन्छ भन्ने हाम्रो अनुमान छ । यस क्षेत्रमा ५१ हजारभन्दा बढीले रोजगारी पाएका छन् ।

## फूल पनि बिक्री हुन्छ ?

पुष्प व्यवसायमा नर्सरी क्षेत्र, कट फ्लावर, कट फ्लावर बिक्री केन्द्र, ल्यान्डस्केप, इनपुट सप्लायर्सहरू गरी विभिन्न विधाहरू छन् । फ्लोरिकल्चर एसोसिएसन नेपालको संस्थापक राजेन्द्र राईले कटफ्लावर ग्याडलसको फूल फूलाएर बिक्रीको लागि राख्दा फूल पनि बिक्री हुन्छ र भनेर अचम्म मानेको अनुभव सुनाउनुहुन्छ । त्यो २०४९ सालतिरको कुरा हो । त्यो भन्दा अगाडिको समयमा खासै फूल बिक्री भएको देखिँदैन । विशिष्ठ परिवार तथा राजपरिवारका सदस्य विदेश घुम्न जाँदा, विदेशमा राम्रो देखेर फूलका विरुवाहरू खरिद गरेर नेपाल भित्र्याएको पनि पाइन्छ । दीप नरसिंह राणाले जापानबाट ल्याएर गोदावरीमा रोपेको कारण त्यो फूलको नाम नै गोदावरी रहन गएको इतिहास पनि छ ।

अहिलेको अवस्थामा पनि विश्व बजारलाई हेर्दा नेपालमा फूलको बजार तथा खेती त एकदमै सानो छ । सर्वसाधारणले फूल किन्न थालेको २०६० सालदेखि मात्रै हो । यो बीचमा फ्लोरिकल्चर एसोसिएसन नेपालले पनि धेरै काम गरेको छ । बजारीकरणको लागि, फूल उत्पादनका लागि तालिम तथा अनुदानको कार्यक्रम राखेर सरकारले पनि सहयोग गरेको छ । यो सँगै उत्पादन पनि बढ्यो, बजार पनि बढ्यो । अहिले पनि पूर्ण रूपमा आत्मनिर्भर हुन सकिएको छैन । झण्डै १० प्रतिशत पुष्पजन्य बस्तु अपुग छ ।

## फूलको विश्व बजार

विश्व बजारमा नेदरल्यान्डले वार्षिक करिब ७ खर्ब नेपाली रुपैयाँ बराबरको कारोबार गर्ने रहेछ । फूलको सबैभन्दा ठुलो बजार नेदरल्यान्ड हो । उसले संसारभरबाट फूल किन्छ र अरूलाई बेच्छ । त्यहाँको आन्तरिक खपत भने कम छ । उसले गर्ने व्यापारको १० प्रतिशत मात्र आन्तरिक खपत हुन्छ, भने ९० प्रतिशत निर्यात गर्ने गरेको छ । तर हाम्रोमा उत्पादन भएको सबै फूल आन्तरिक नै खपत हुन्छ । सबैभन्दा बढी बिरुवा तथा फूलको प्रयोग गर्नेहरू मध्यपूर्वका देशसहित अमेरिका, भारत तथा चीन लगायतका देश छन् । अर्थतन्त्रमा फूलबाटै ठुलो योगदान गरेका देशहरूमा नेदरल्यान्ड, साउथ कोरिया, भारत र चीन रहेका छन् ।

## स्थानीय तह र फूल खेती

२०७४ सालमा देश संघीयतामा गएपछि कृषिका सबै कार्यक्रमहरू तथा अधिकार प्रदेश सरकार र स्थानीय तहमा गए । बढी मुनाफा आउने बाली कुन हो त भनेर स्थानीय तहले अध्ययन गर्दा फूलखेती देखिएपछि नयाँ पुस्ता पनि आकर्षित भएको छ । १ बिघामा फूल खेती गर्दा अन्य खेतीको तुलनामा सयगुणासम्म फाइदा छ भनेर १ जना यसै क्षेत्रका विज्ञले लेखेका पनि छन् । अहिले फूलको बजार रहेछ, भनेर स्थानीय तहले पनि बुझ्न थालेका छन् ।

फूलखेतीमा सबैभन्दा अगाडि धनगढी उपमहानगरपालिका देखिएको छ । अघिल्लो कार्यकालमा खासै काम नभए पनि नयाँ मेयर गोपाल हमाल आएपछि हालसम्म ३ वटा तालिम नै सञ्चालन गरिसकेका छन्, भने धनगढीलाई फूलमा आत्मनिर्भर बनाएका छन् । धनगढीमा बिक्री नभएको स्थानीय फूल काठमाडौँसम्म आएको थियो । धनगढीका मेयर हमालले जहाजमार्फत काठमाडौँमा फूल पठाएको उदाहरण पनि छ ।

त्यस्तै, बर्दियाको बढैयाताल गाउँपालिकाले फ्लोरिकल्चर एसोसिएनसँग सहकार्य गरेर सयपत्री फूल खेती तालिम गराएको थियो । यस वर्षको तिहारमा बढैयातालमा एकदमै राम्रो सयपत्री फूल उत्पादन भयो । अरू स्थानीय तहहरूले पनि यसमा काम गरिरहेका छन् । मुख्य मुख्य भन्नुपर्दा भरतपुर महानगर, इलाम नगरपालिका, तिलोत्तमा नगरपालिकालगायत छन् । स्थानीय सरकारले फूल खेती तथा बजारलाई ध्यान दिन थालेसँगै व्यवसायी तथा किसानमा पनि मनोबल बढेको छ । स्थानीय सरकारहरूको सहयोग र राम्रो प्रतिफल आउने भएपछि युवापुस्ता पनि आकर्षित भएका छन् ।

स्थानीय सरकारहरूले माटो सुहाउँदो फूल खेती गर्नका लागि आवश्यक अनुसन्धान गर्न आवश्यक छ । त्यस्तै, जनताको उत्पादन बजारसम्म पुऱ्याउने तथा बजारको लागि पहल गर्ने कामदखि कृषि तथा फूलखेतीमा लागेकाहरूलाई प्रोत्साहन गर्ने काम स्थानीय सरकारले गर्न सक्दछन् । बिउवीजन तथा फूलको व्यावसायिक तालिम सञ्चालन गरिदिए युवायुवती जागिर खोज्दै भौँतारिनु पर्दैन ।

## संघीयतापछि फस्टाउँदै फूल खेती

संघीय सरकारले २०६४ सालभन्दा अगाडि कृषिसँगै फूलसँग सम्बन्धित विषय हेर्ने गरेको थियो । त्यतिबेला पुष्प हेर्ने देशभरमा एउटा मात्र निकाय थियो पुष्प विकास केन्द्र । जो १ जना उपसचिवको नेतृत्वमा थियो । त्यो दरबन्दी पनि पछि थप भएको थियो । त्यो भन्दा अगाडि त शाखा अधिकृतको भरमा देशभरको पुष्प व्यवसाय तथा खेतीको काम भइरहेको थियो । हरेक जिल्लामा कृषि विकास कार्यालय भए पनि फूलको क्षेत्रमा खासै काम हुन सकेको थिएन । त्यतिबेला संरचना पनि सानो, बजेट अभाव लगायतका समस्या थिए ।

देश संघीयतामा गइसकेपछि केन्द्रीय सरकारले खासै बजेट विनियोजन नगरे पनि ७ वटै प्रदेश सरकारले विनियोजन गरेको बजेट बढी छ । त्यसको सही सदुपयोग हुनुपऱ्यो । देशका कुनाकुनासम्म फूल खेती व्यावसायिक बन्दै गएको छ । एसोसिएसनको तर्फबाट हाल हामीले धेरै सहकार्य वागमती प्रदेश सरकारसँग गरिरहेका छौँ । हामीले २०७४ सालदेखि नै सहकार्य गरिरहेको छौँ । वागमती सरकारले हरेक वर्ष यो क्षेत्रमा १ करोडभन्दा बढी बजेट विनियोजन गर्ने गरेको छ, तर कार्यान्वयनको पाटो एकदमै फितलो छ । प्रदेश सरकारले सरोकारवालासँग छलफल नै नगरी कार्यक्रम तय गर्दा बजेट विनियोजनको तुलनामा उपब्धि कम छ । हामीले विगतदेखि यस क्षेत्रमा काम गर्दै आएका छौँ तर हामीसँग छलफल नै नगरी आफैँ कार्यविधि बनाएकाले खासै प्रतिफल आएको देखिँदैन । गत वर्ष पनि ९० लाख रुपैयाँ बराबरको सयपत्री फूल खेतीको कार्यक्रम थियो । त्यो त्यति प्रभावकारी भएन । आवश्यकताको पहिचान गरेर काम गरेको भए राम्रो प्रतिफल आउँथ्यो । यसवर्ष बागमती सरकारअन्तर्गत मात्रै साढे २ करोडको प्रस्ताव आव्हान भएको छ । त्यस्तै अरू प्रदेशहरूले पनि गर्दा ५ करोडसम्मको कार्यक्रम देशभर होला । यसरी हेर्दा देश संघीयतामा गएसँगै गाउँगाउँमा फूल खेती बढेको छ । व्यवसायी पनि बढेका छन्, बजार पनि बढेको छ ।

## ५ वर्षे अनुदान कार्यक्रमले ल्याएको परिवर्तन

त्यतिबेला कहाँ के गर्ने भन्ने दोधार नै थियो । यसकै बीच फ्लोरिकल्चर एसोसिएसन आफैँ लागेर २०७१ देखि ०७४ सालसम्म संघीय सरकारसँगको सहकार्यमा ५ वर्षे कार्ययोजना निर्माण गरेर अनुदानको कार्यक्रम सञ्चालन गरेका थियौँ । त्यो कार्यक्रमले देशभरका फूल किसानहरू लाभान्वित भए ।

त्यतिबेला विदेशबाट विभिन्न देशबाट विशेषज्ञहरू झिकाएर नेपालमा फूलखेती बिस्तार हुन नसक्नुको कारण खोजी गर्दा भौतिक संरचनाको अभाव देखियो । भौतिक संरचना सुधार गरे राम्रो प्रतिफल दिने सुझाव उनीहरूले दिए । त्यो भन्दाअगाडि सानो सानो बाँसको टनेलाहरूमा खेती हुँदै आएको थियो । संघीय सरकारको सहयोगमा त्यतिबेला देशका लगभग धेरै ठाउँमा टनेलहरूको सुधार गऱ्यौँ । त्यसपछि मात्र नेपालको फूल खेतीले गति लिएको हो । त्यो ४ वर्षको समयमा हामीले विभिन्न तालिम पनि लियौँ । फूलखेती सुधारमा सरकारले पनि राम्रो सहयोग गऱ्यो ।

## कुन प्रदेशमा कस्तो फूलखेती ?

७ प्रदेशमध्ये कोसी र मधेस प्रदेशमा फूलखेतीमा खासै काम हुन सकेको छैन । यसको मुख्यकारण भारतसँगको खुला सिमाना हो । हाम्रो उत्पादन लागत अलि बढी हुने भारतको उत्पादन लागत कम हुने भएपछि उताबाट आएको फूल स्वभाविकै सस्तो हुन्छ । यस्तो अवस्थामा खुला सिमानाबाट अबैध रूपमा आएको फूल तथा मालाका कारण यी २ प्रदेशमा चुनौती छ । मधेस प्रदेशमा फूलको काम गर्न सरकार इच्छुक भए पनि काम गर्ने किसान नै पाइएन । यता काम गर्नुभन्दा उता(भारत)बाट ल्याएर बेच्दा फाइदा देखेर कोही पनि खेती गर्ने जोखिम उठाउन तयार छैनन् ।

कोसी प्रदेशमा भने बिस्तारै फूल खेती बढ्दै गएको छ । म अध्यक्ष भएर आएपछि सबै प्रदेशसँग समन्वय गर्ने मौका पाएको थिएँ । कोसी र मधेस बाहेकका प्रदेशमा बिस्तारै कार्यक्रम तथा बजेट बढ्दै गएको छ । सुदूरपश्चिम प्रदेशको कुरा गर्दा एकदमै राम्रो बनेको छ । त्यहाँको धनगढी उपमहानगरले त धेरै नै ध्यान दिएको छ । १ जना मेयरले मात्रै पहल गर्दा पनि धनगढीले फूल खेतीमा क्रान्ति नै गरेको छ ।

## समस्या र चुनौती

सहरमा जग्गा छैन, गाउँमा उत्पादन गरेर सहरमा ल्याउन ठुलो समस्या छ । पुष्प व्यवसायमा ठुलो समस्या भनेको बजारको हो । महँगो भाडा तिरेर ४ आना जग्गामा फूल खेती गरेर आउटलेट सञ्चालन गर्नुपरिरहेको छ । आनाको करोड पर्ने जग्गा हामीलाई खेती गर्न तथा आउटलेट राख्न सस्तोमा दिनुहोस् भन्न पनि मिल्दैन । महँगो भाडा तिरेर काम गर्न सकिँदैन । सहर साह्रै महँगो भएको छ । अब सहरभन्दा बाहिर जानुपर्ने अवस्था छ ।

उत्पादन त जता गरे पनि भयो तर बेच्ने ठाउँको समस्या छ । महँगो भाडा तिरेर बेच्ने ठाउँ लिन पनि सकिँदैन । सबैभन्दा पहिला हाललाई फूलको एउटा फ्लोरिकल्चर बजार आवश्यक छ । देशभर उत्पादन भएका फूल ल्याएर बिक्री गर्ने गरी एकीकृत बजार चाहिन्छ । उपभोक्तालाई पनि फूल कहाँ पाइन्छ भनेर खोज्दै हिँड्नु नि परेन । व्यवसायी चर्को भाडा तिर्न नसकेरपलायन हुने अवस्थामा छन् । गाउँमा उत्पादन गरेर सहरसम्म ल्याउन यातायात र प्याकिङको पनि समस्या छ ।

नीतिगत समस्या पनि छ । पुष्प प्रवर्द्धन नीति २०६९ मा जारी भएको थियो तर २०७४ सालमा देश संघीयतामा गयो । त्यो नीति कार्यान्वयनमा छैन । त्यो नीतिलाई सातै प्रदेश, ७५३ वटा स्थानीय सरकारले लागू गर्नसक्ने गरी समयसापेक्ष पुनर्लेखन गर्नुपर्दछ ।

## फूल आयात, निर्यात र सम्भावना

आर्थिक वर्ष २०८०/०८१ मा २७ करोड रुपैयाँभन्दा बढीको पुष्प तथा पुष्पजन्य बस्तु आयात भएको छ भने, १ करोड रुपैयाँ बराबरको निर्यात भएको छ । आव २०७७/०७८ मा ४० करोड रुपैयाँ बराबरको बस्तु आयात भएको थियो भने ५३ लाखको निर्यात भएको थियो । कोभिड-१९ को माहामारीभन्दा अगाडि नेपालबाट वार्षिक १९ करोडसम्मको फूल निर्यात गरेको तथ्यांक छ । कोभिड-१९ पछिको अवस्थामा निर्यात एकदमै घट्दो अवस्थामा थियो, हाल बिस्तारै बढ्दै गएको छ ।

कोभिड-१९ को माहामारीभन्दा अगाडि नेपालबाट गुलाब जापान निर्यात हुन्थ्यो । त्यतिबेला गुलाबसहित १९ करोडको फूल निर्यात भएको थियो । फूलको गानोहरू अहिले पनि युरोप जाने गर्छ ।

अघिल्लो वर्ष लिली फूल उत्पादन गरेर कतार पठाएका थियौँ । अहिले सम्भावना भएको चाहिँ 'युकालिप्टस' हो । त्यसलाई सिल्भर डलर पनि भन्ने गरिन्छ । यसको माग विश्व बजारमा अधिक छ, कुल मागको ३० प्रतिशत मात्र उत्पादन विश्वमा छ ।

यसको खेती नेपालमा पनि गरेर निर्यात गर्न सकिने ठुलो सम्भावना छ । सिल्भर डलरको पात सजावटमा प्रयोग हुने रहेछ । यो मसलाजातको विरुवा हो । त्यसको एउटा भेराइटी सिल्भर डलर हो । त्यसको खेती नेपालमा पनि सुरु भइसकेको छ । अध्ययन गरेरै मकवापुर जिल्लामा यसको खेती सुरु गरिएको छ । एकपटक रोपेको विरुवाले ५० वर्षसम्म आम्दानी दिने गर्छ । सुकेपछि पनि त्यसको पात बिक्री हुने गर्छ । यसको पात ड्राइफ्लावरमा काम लाग्ने रहेछ ।

## खेर गइरहेको फूलको सदुपयोग

तिहारको समयमा एकैपल्ट ठुलो मात्रामा फूल उत्पादन हुने र बिक्री नभएपछि फाल्नुपर्ने अवस्था छ । यो समस्या समाधान गर्न खेर गइरहेको फूलको सदुपयोग गर्न अहिले हामीसँग पूर्वाधार छैन् । गत वर्ष सयपत्री फूल बेस्सरी फालियो । त्यसपछि बनस्पति विभाग, नार्क लगायतका निकायले चासो देखाएका थिए । सयपत्री फूलबाट ल्युटिन निकालेर सौन्दर्यको सामग्री र बहुउपयोगी तेल निकाल्न सकिने रहेछ । त्यो तेलको निर्यात गर्न सकिने भनेर तालिम पनि सञ्चालन गरिएको थियो । तर कति प्रभावकारी भयो त्यो विषय मलाई जानकारी छैन ।

करिब १० वर्षअगाडि हामीले सयपत्री फूलको 'पिगमेन्ट' निकालेर युरोप निर्यात गर्न सकिने अध्ययन गरेका थियौँ । पिगमेन्टको प्रयोग युरोपमा कुखुराको दानामा प्रयोग हुँदो रहेछ । त्यस्तै, यसवर्ष मात्र खेर गएको सयपत्री फूलबाट धूप बनाउने काम पनि भइरहेको छ ।

## फूलको बिउवीजन

नेपालमा खेती हुने लगभग सबै फूलको बिउवीजन विदेशबाटै आयात हुन्छ । बिउवीजनमा वार्षिक राम्रै रकम बाहिर गइरहेको छ । हामी ९० प्रतिशत आत्मनिर्भर भएको र १० प्रतिशत आयात भनिरहेका छौँ । त्यो आयात भनेकै बिउवीजन र साना टिस्युकल्चरको बिरुवा हो । हाइब्रिट बिउ संसारका केही मुलुकले मात्र उत्पादन गरिरहेका छन् । जसमा मुख्य मुख्य अमेरिका, जापान, थाइल्यान्ड, नेदरल्यान्ड लगायतका छन् ।

**प्रस्तुति : केशव भट्ट**



**मीनबहादुर तामाङ,**
**निवर्तमान अध्यक्ष**
**फ्लोरिकल्चर एसोसिएसन नेपाल**


**थाहा नगरपालिका**
yfxf gu/kflnsf
ཐཱ་ཧ་ ནགར་པ་ལིཀ
**नगर कार्यपालिकाको कार्यालय**
**ईन्द्रायणी चौर, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८१/०८/०१९**

यस नगर कार्यपालिकाको कार्यालयको मिति २०८१/०७/१४ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ढुंगा,गिट्टी,वालुवा निकासी कर ठेक्काको बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार यस ईबिड मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्युनत्तम मुल्यांकित तथा सारभूतरुपले प्रभावग्राहि भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३को दफा २७ को उपदफा २ (१) को प्रयोजनको लागि सम्बन्धित सबैको लागि आजैको मिति देखि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन,२०६३को दफा ४७को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्दारा जानकारी गराईएको छ ।

| ठेक्का नं. | कार्य विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कवोल अंक (भ्याट समेत) |
|---|---|---|---|
| Rev/THAHA/02/ NCB/2081/082 | Internal Revenue of Earthwork,Collection and salse of(Stone,send and aggregate)of Thaha ward 2-3-5 and 6 | Glorious Construction pvt.ltd. ph 014361936 | 11865627.15 |

**प्रमुख प्रशासकीय अधिकृत**



**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Road Supervision & Monitoring Office, Itahari**
**Road Division Ilam**
**Invitation for Bids No: 05-081-82**
**Date of first publication: 2081/08/19 (04/12/2024)**

1. Road Division Ilam invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description and location of work | Estimated Amount Without VAT (NRs) | Bid Security Amount (NRs) | Bid Security Validity Period | Bid document Fee NRs. |
|---|---|---|---|---|---|
| RDILAM/337310113/ 081/82-20 (Re) | Rigid Pavement and Drainage Works on Nepaltar Mangalbare Road, Ilam | 4593138.84 | 130000 | 120 days | 3,000.00 |
| RDILAM/337310113/ 081/82-29 | Roadside Maintenance Works along Mechi Highway (Chihanedanda – Fikkal and Fikkal-Maikhola Section) | 2478547.52 | 72500 | 120 days | 3,000.00 |
| RDILAM/337310113/ 081/82-30 | Roadside Maintenance Works along Mechi Highway (Biblyante-Ranke Section) | 4067002.62 | 120000 | 120 days | 3,000.00 |
| RDILAM/337310113/ 081/82-31 | Roadside Maintenance Works along Mechi Highway (Ranke – Phidim Section) | 4187618.70 | 120000 | 120 days | 3,000.00 |
| RDILAM/337310113/ 081/82-32 | Roadside Maintenance Works along Mechi Highway (Phidim -Gopetar Section) | 3399129.75 | 100000 | 120 days | 3,000.00 |
| RDILAM/337310113/ 081/82-33 | Roadside Maintenance Works along Mechi Highway (Gopetar- Kabeli Section) | 2126770.27 | 62500 | 120 days | 3,000.00 |
| RDILAM/337310113/ 081/82-34 | Road Safety Works along Fikkal Pashupatinagar Road and Fikkal Chhabise Road | 2557773.08 | 75000 | 120 days | 3,000.00 |

2. Deadline for Bid Submission and Opening:

<table>
<tr><td colspan="2" rowspan="2">Submission of Bid</td><td colspan="2" rowspan="2">Opening of Bid</td><td>Revenue a/c No.</td><td>00101000000001001001</td><td>Office code</td><td>337010301</td></tr>
<tr><td>Revenue Heading No.</td><td>14229</td><td>Bank</td><td>Nepal Bank Ltd, Ilam</td></tr>
<tr><td>Date</td><td>Time</td><td>Date</td><td>Time</td><td>Name of Office</td><td colspan="3">Financial Comptroller General Office</td></tr>
<tr><td rowspan="3">2081/09/19</td><td rowspan="3">12:00</td><td rowspan="3">2081/09/19</td><td rowspan="3">13:00</td><td>Deposit A/c No.</td><td>04001000002003000001</td><td>Office code</td><td>337010301</td></tr>
<tr><td>Name of Office</td><td colspan="3">District Treasury Controller Office, Ilam</td></tr>
<tr><td>Bank</td><td colspan="3">Nepal Bank Ltd, Ilam</td></tr>
</table>

- Eligible Bidders may obtain further information at Road Division Ilam (Tel: 027-520049, email: droilam72@gmail.com or may visit PPMO's **website http://bolpatra.gov.np/egp**.

**Division Chief**

# युद्धविरामपछि पनि लेबनानमा हवाई आक्रमण

■ एजेन्सी

बेरुत । इजरायल र हिजबुल्लाहबीच युद्ध विराम भए पनि सीमा क्षेत्रका केही स्थानमा भंग भएको जनाइएको छ । इजरायलले सीमामा आफ्नो सुरक्षाका लागि युद्ध गर्न बाध्य भएको जनाएको हो । यसरी फाट्टफुट्ट भंग भए पनि इजरायल र हिजबुल्लाह दुवैले मध्यस्थता गरेको अमेरिकासँग आफूहरू युद्धविरामको पक्षमा अडिग रहेको जनाएको छ ।

इजरायलको आक्रमणका कारण सीमामा ११ जनाको ज्यान गएको थियो । यसले युद्धविराम लागू हुने विषयमा अमेरिकाले शंका उत्पन्न गरेपछि दुवै पक्षले सो प्रतिबद्धता व्यक्त गरेका हुन् । सोमबार इजरायली रणनीतिक मामला मन्त्री रन डरमरले ह्वाइटहाउसमै अमेरिकाका राष्ट्रिय सुरक्षा सल्लाहकार ज्याक सुलेभानसँग भेट गरेका छन् । सो भेटमा उनले इजरायलले लेबनानी अधिकारीसँग भेट गर्दा युद्ध विराम लागू गर्ने विषयमा सकारात्मक भएको समेत बताएका थिए ।

२७ अक्टोबरका दिन यी २ पक्षबीच युद्धविरामको घोषणा भए पनि सोमबार भएको सो आक्रमणभन्दा अघि हिजबुल्लाहले पनि आक्रमण गरेको दाबी इजरायलको छ । इजरायलले हिजबुल्लाहको आक्रमणपछि केही भौतिक संरचना र हतियार भएको स्थानमा लक्षित गर्दै आक्रमण भएको जनाएको हो । इजरायलको गाजामा अहिलेको भूमिकामा भने अमेरिकामा चासो जनाइएको छ ।

अमेरिकी सिनेटर बनी सान्डर्सले गाजामा आदिवासी सफाइ अभियान चलाएर इजरायलले युद्ध अपराधलाई प्रेरित गरेको आरोप सान्डर्सको छ । २ पटकका राष्ट्रपति पदका दाबेदारसमेत रहेका ८२ वर्षीय उनले आतंकवाद निर्मूल गर्ने नाममा सर्वसाधारणको सफाइ गर्नु गलत भएको कुरा सामाजिक सञ्जालमा उल्लेख गरेका छन् ।

## नेपाल-चीनबीच...

### के–के छ सम्झौतामा ?

भैँसीको मासु चीन निर्यातसम्बन्धी प्रोटोकलमा समझदारी भएसँगै नेपालबाट प्रशोधन गरिएको भैँसीको मासु चीनमा निर्यात गर्न नेपाललाई बाटो खुलेको छ । हुन त, यो पुरानै सम्झौता भए पनि प्रोटोकलमै समझदारी भएकाले अब यो कार्यान्वयनमा आउने भएको हो ।

चीनले लामो समयदेखि निर्माणको प्रतिबद्धता गरेको टोखा-छहरे सुरुङमार्गको सम्भाव्यता अध्ययनका लागि पनि सघाउने भएको छ । २०७६ असोजमा चिनियाँ राष्ट्रपति सी जिनपिङ नेपाल भ्रमणमा आएका बेला टोखा-छहरे-गुर्जुभन्ज्याङ र बेत्रावती-रसुवागढी (घट्टेखोला) सुरुङमार्गको अध्ययनको जिम्मा चीनले लिने सहमति भएको थियो ।

यस पटकको समझदारीमा परेको वसन्तपुर दरबार पुनर्निर्माण यसअघिदेखि नै चीनले सम्पन्न गरेको परियोजना हो । हनुमानढोकास्थित ९ तले दरबारको पुनर्निर्माणको जिम्मा चीन सरकारले २०७२ सालमा लिएको थियो । त्यसैगरी स्वयंसेवी चिनियाँ भाषा शिक्षक आदानप्रदानले नेपालमा चिनियाँ भाषाको प्रशिक्षण चलाउने चीनको योजनालाई थप बलियो बनाउनेछ । साथै, सन् २०२४ देखि २०२९ सम्म विभिन्न विकास योजनामा चीन सरकारसँग नेपालले लिने सहयोगसम्बन्धी एमओयू पनि भएको छ । यसमा रकम भने उल्लेख गरिएको छैन । यसैगरी नेपाल र चीनबीच व्यापार प्रवर्द्धन गर्नेसम्बन्धी समझदारी पनि भएको छ । सन् २०१६ मै नेपाल र चीनबीच स्वतन्त्र व्यापार सम्झौता गर्ने सहमति भए पनि हालसम्म कार्यान्वयन हुन सकेको छैन ।

### जारी भयो संयुक्त वक्तव्य

प्रधानमन्त्री ओलीको चीन भ्रमणका क्रममा २ देशबीचको संयुक्त वक्तव्य जारी भएको छ । संयुक्त वक्तव्यमा उल्लेख भएअनुसार चीनले पोखरा र लुम्बिनीमा सीधा हवाई उडान भर्न तयार भएको जनाउ दिएको छ । प्रधानमन्त्री ओलीले मंगलबार चिनियाँ प्रधानमन्त्री लि छिआङ र राष्ट्रपति सि चिनफिङसँग भेट गरेपछि सार्वजनिक भएको संयुक्त वक्तव्यमा चिनियाँ सहरहरूसँग पोखरा र लुम्बिनी सीधा हवाई उडानको विषय उल्लेख छ ।

यसैगरी केरुङ-काठमाडौँ रेलको सम्भावना अध्ययनलाई तीब्रता दिने तथा नेपाल चीन रेल वे सहकार्यको बैठक हुने उल्लेख गरिएको छ । चिनियाँ पक्षले नेपालका जनशक्तिलाई रेलबारेमा दक्ष बनाउन सहयोग गर्ने वक्तव्यमा उल्लेख छ ।

## प्रहरीमा अनौठो...

उनी एआइजी बढुवाको प्रबल दावेदारसमेत हुन् ।

डिआइजी बढुवा भएका पतिलाई बधाई दिँदै सिंहले भनेकी छिन्, 'बधाई छ, डिआइजीमा पदोन्नति भएकामा । २९ वर्षको लगन र कडा परिश्रम अन्ततः सार्थक भएको छ । म तपाईंलाई हरेक दिन विश्मय र पूर्ण गर्वका साथ हेर्छु, तपाईं हाम्रो घर र जीवनको तारा हुनुहुन्छ ।' दुर्गा आउँदो चैतमा प्रहरीको ३० बर्से सेवा हदका कारण अवकाशमा जाँदै छिन् भने गणेश डिआइजीको ५६ बर्से उमेर हदका कारण आउँदो पुसमै अवकाशमा जाँदै छन् ।

## कांग्रेसले २०...

तर, यस पटक ४१ वटै स्थानमा उम्मेदवारी दिए पनि जम्मा ४४ हजार ८०६ मत प्राप्त गरेको छ । २ प्रमुख, ३ उपप्रमुख र ३ वडाध्यक्ष पद गुमाएको कांग्रेसले यस पटक १० हजार ८७३ लोकप्रिय मत पनि गुमायो । यसमा पनि सबैभन्दा बढी मत गुमाएको पद प्रमुख र उपप्रमुखकै हो । २०७९ मा ती पदमा ३३ हजार ५९४ पाएकामा यस पटक १० हजार १८२ मत गुमाउँदै २३ हजार ४१२ मत मात्र पायो । यो मत कांग्रेसले गुमाएको लोकप्रिय मतको करिब ९४ प्रतिशत हो ।

### एमालेको आत्मविश्वासमा धक्का

२०८४ को निर्वाचनमा सबैभन्दा ठुलो दल बन्ने सपना बोकेको एमालेलाई उपनिर्वाचनको परिणामले धक्का पुर्‍याएको छ । एमालेले २०७९ को निर्वाचनभन्दा २ उपप्रमुख र १ प्रमुख 'बोनस' पाए पनि ३ वडाध्यक्ष पद भने गुमाएको छ । साथै, एमालेले पनि २०७९ को तुलनामा लोकप्रिय मत गुमाएको छ । निर्वाचन भएका ४१ मध्ये २०७९ मा एमाले ४० स्थानमा उम्मेदवारी दिएको थियो भने ती स्थानबाट ४३ हजार ४१९ मत पाएको थियो । तर, त्यति नै संख्यामा अहिले पनि उम्मेदवारी दिएकामा ३७ हजार १४६ मत मात्र पाएको छ । एमालेले ६ हजार २७३ मत गुमाएको छ । एमालेले पनि कांग्रेसजस्तै सबैभन्दा बढी मत पदाधिकारीबाटै गुमाएको छ । उसको ५ हजार ४६४ मत पदाधिकारीमा घट्दा वडाध्यक्षमा ८०९ मत घटेको छ । एमालेले करिब ८७ प्रतिशत मत पदाधिकारीबाटै गुमाएको देखिन्छ ।

## दक्षिण कोरियामा...

'हाम्रो राष्ट्रियसभा अपराधीहरूका लागि आश्रयस्थल बनेको छ । न्यायिक र प्रशासनिक प्रणालीलाई पक्षाघात गर्न र हाम्रो उदार लोकतान्त्रिक व्यवस्थालाई उल्टाउन खोज्ने विधायकी तानाशाहीको अड्डा बनेको छ,' युनले भने ।

उनले विपक्षी सांसदहरूमाथि देशलाई लागुऔषधको शरणस्थल र सार्वजनिक सुरक्षा अराजकताको अवस्थामा परिणत गर्न लागुऔषध अपराधहरू विरुद्ध लड्ने र सार्वजनिक सुरक्षा कायम राख्ने जस्ता राष्ट्रको मुख्य कार्यहरूका लागि आवश्यक सबै प्रमुख बजेटहरू कटौती गरेको आरोप लगाए ।

युनले ३०० सदस्यीय संसद्मा बहुमत विपक्षीलाई 'शासन उखेल्न चाहने विरोधी राज्य शक्तिहरू' भन्दै आफ्नो निर्णयलाई 'अपरिहार्य' बताए । 'म सकेसम्म चाँडो राज्यविरोधी शक्तिहरूलाई हटाएर देशलाई सामान्य अवस्थामा फर्काउनेछु,' उनले भने ।


**नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८१/०८/१९**

यस कम्पनी २०८०/०८/२८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **इन्जिनेशन कन्सल्टेन्टस प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्न बेहोर्न पर्ने ऋृण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनिले सकार्ने बोहोर्ने गरि श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/३० गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरि **इन्जिनेसन कन्ष्ट्रक्सन एण्ड सप्लायर्स (प्रा.लि. नं. २५१०६४)** कायम गरियको ब्याहेरा जानकारीका लागि यो सूचना प्रकाशित गरियको छ ।



**Kalimati Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Rampur, Salyan**

**Invitation for Bids Notice**

**Date of publication: (04/12/2024)**

1. Kalimati Rural Municipality invites electronic bids from Registered Nepalese eligible bidders for the follwing work.

| S.N. | Contract ID | Description and location of work | Estimate Amount with VAT &PS. (NRS) | Bid Security Amount (NRS) | Bid Document Fee (NRS) |
|---|---|---|---|---|---|
| 1 | KRM/NCB/ WORKS/2081/8 2/12 | Simle chhahara paryatan bikash yojana | 1,19,88200.4 /- | 2,70,000/- | 3,000/- |
| 2 | KRM/SQ/ Works/2081/82/13 | Kimire Rampur sadak nirman yojana kalimati 3 | 16,31,246.63/- | 40,000/- | 1,000/- |

2. Eligible Bidders may obtain further information at the office of Kalimati Rural Municipality, Rampur Salyan, Mailing address: ito.kalimatigaupalika@gmail.com No.: 9857844300 or may visit E-procurement https://bolpatra.gov.np/egp. Contact section of PPMO'S Web Site
3. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before 12.00 (on 03/01/2025 for NCB & 19/12/2024 for sealed quotation.) Bids received after this deadline willbe rejected.
4. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hour (on 03/01/2025 for NCB & 19/12/2024 for sealed quataiou) at the office of Kalimati Rural Municipality Rampur, Salyan.

**Chief Administrative Officer**



**Susta Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Kudiya, Nawalparasi(Bardaghat susta west)**

**Lumbini Province,Nepal**

**Invitation for Online Bids**

**1st Publication Date: 2081-08-19) (04 December, 2024)**

1. Susta Rural Municipality, Office of the Rural Municipal Executive invites electronic bids and from eligible bidders for the following works.

| S. N. | Contract No. | Name of Project/Work | Bid security validity | Estimated Amount with PS (without VAT & Contingency) | Bid Security Amount | Bid Document Fee | Deadline for E-Bids submission | E-Bids Opening Time |
|---|---|---|---|---|---|---|---|---|
| 1. | SRM/ROAD/ NCB/2081-82/10 | Chandragunj dekhi ramnagar jaane adhuro sadak kalopatre nirman ra Belwani dekhi mahalbari jaane bato kalopatre nirman susta-05 | 120 days | 3432754.88 | 100000 | 3000.00 | 2081-09-21 (05 January, 2025) Time:12:00 P.M | 2081-09-21 (05 January, 2025) Time:12:30P.M |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Susta Rural Municipality, KudiyaNawalparasi (BardhaghatSusta West) or may visit PPMO website www.bolpatra.gov.np/egp, or www.sustamun.gov.np, Emai Id: sustagaunpalika@gmail.com,
3. Susta Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



**Invitation For Online Quotations**

**Shivasatakshi Municipality**

**Office of the Municipal Executive**

**Byangdada, Jhapa**

**Koshi Province, Nepal**

**Date of 1st publication: 2081/08/19 (04-Apr-2024)**

Shivasatakshi Municipality invites online quotations for the Following Procurement as specified in Procurement Act 2063 and Regulation 2064.

| Contract Number | Description of Work | Bid doc Fee | Estimated Amt without VAT and Contingencies | Bid Validity Period | Minimum Bid Security Amount | Bid Security Validity Period | Deadline for Submission Of Bid | Opening Of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 01/SM/SQ/ Cons/2081/082 | Construction of Incomplete Shinghari Culvert & Incomplete Culvert at Dahal Chowk Shivasatakshi 3 & 8 | Nrs 1000 | Nrs 16,16,793.42 | 45 days After Bid opening | Nrs 48,500 | 30 days Beyond Validity of Bid | 19- Dec-2024 12:00 Hours | 19-Dec-2024 14:00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**

Name of the Bank: **Nepal Investment Mega Bank Nepal LTD, Byangdada Branch**

Name of Office: **Shivasatakshi Municipality**

**Office Account no.: 29601400000017**

If Bidder wishes to submit the Cash Security, the Cash should be deposited in the name of **Shivasatakshi Municipality office, Dharauti Account No. 29601400000048** on behalf of of **Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada Branch** and submit the recipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**Chief Administrative Officer**

## जनताको जलविद्युत् कार्यक्रम कार्यविधि दोस्रो संशोधन

# आइपिओ किन्न विपन्नलाई बिनाधितो ५ लाखसम्म ऋण



■ सौर्य समाचार

काठमाडौं । सरकारले आर्थिक रूपले विपन्न परिवारलाई हाइड्रोपावर (जलविद्युत्)को आइपिओ किन्न बिनाधितो सहुलियत ऋण दिने भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनताको जलविद्युत् कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि दोस्रो संशोधन गर्दै यस्तो व्यवस्था ल्याएको हो । मन्त्रालयले संशोधन गरेको कार्यविधिमा विपन्न नागरिकका लागि बिनाधितो सहुलियत दरमा कर्जाको व्यवस्था गर्ने भनिएको छ। तर, सहुलियत दरमा ऋण कसले-कसरी ऋण प्रवाह गर्ने भन्ने टुंगो लागिसकेको छैन ।

राज्यको ग्यारेन्टीमा बैंक र विकास साझेदार संस्थाहरूमार्फत ऋण उपलब्ध गराउन छलफल भइरहेको ऊर्जामन्त्री दीपक खड्काले बताए। गरिबी निवारण, नागरिकहरूको जीवनस्तर सुधार र प्रतिव्यक्ति आयमा योगदान पुऱ्याउने दिशामा यो कदम महत्वपूर्ण हुने उनको दाबी छ । कार्यविधिको दफा १० को उपदफा १ थपिएको छ। उक्त उपदफामा विपन्न नागरिकका लागि छुट्याइने सेयरको हकमा आयोजनाको ५० प्रतिशत कार्य सम्पन्न भएपछि लगानी हुने व्यवस्था कम्पनीले मिलाउनुपर्ने उल्लेख छ।

त्यस्तै दफाको १० को उपदफा ४ र ५ थपिएको छ। 'सेयर खरिदका लागि आयोजना निर्माण हुने जिल्लाभित्रका आर्थिक रूपले विपन्न, पिछडिएका र गरिब नागरिकलाई बैंक तथा वित्तीय संस्थामार्फत शतप्रतिशत बिनाधितो सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन कम्पनीले मन्त्रालयको सहयोग लिई आवश्यक व्यवस्था मिलाउनुपर्नेछ। तर दातृ निकाय वा सामाजिक कोष वा म्युचियल फन्ड वा त्यस्तै प्रकृतिका संस्थाले पनि शतप्रतिशत बिनाधितो सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन बाधा पर्नेछैन', उपदफा ४ मा उल्लेख छ।

उपदफा ५ मा उपदफा (४) बमोजिमको कर्जा सुविधा आयोजनाको जडित क्षमताअनुसार प्रतिघरधुरी २ लाखदेखि ५ लाख रुपैयाँसम्म हुन सक्नेछ। मुलुकभरका विपन्न नागरिकको जीवनस्तर सुधार्दै देशलाई समृद्ध बनाउन 'जनताको जलविद्युत् कार्यक्रम' अन्तर्गत विपन्न नागरिकलाई जलविद्युत्को सेयर सुनिश्चित गर्न उक्त व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ। जलविद्युत् आयोजनाबाट प्रभावित क्षेत्रका नागरिकका लागि सेयर सुनिश्चित गर्न असमर्थ विपन्न वर्गका नागरिकलाई सहुलियत ब्याजदरमा २ लाखदेखि ५ लाखसम्मको लगानी राज्यको ग्यारेन्टीमा बैंक र विकास साझेदार संस्थाहरूमार्फत ऋण उपलब्ध गराउने जनाएको छ।

सुरुमा आयोजना प्रभावित जिल्ला र प्रसारण लाइन रहेका जिल्लाका विपन्न बासिन्दामा लागू गरिए पनि बिस्तारै उक्त व्यवस्थालाई देशभर लागू गरिने मन्त्रालयले जनाएको छ। सेयर खरिदका लागि आयोजना निर्माण हुने जिल्लाभित्रका आर्थिक रूपले विपन्न पिछडिएका र गरिब नागरिकलाई बैंक तथा वित्तिय संस्थामार्फत शतप्रतिशतबिना धितो सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउनका लागि कम्पनीले मन्त्रालयको सहयोग लिई आवश्यक व्यवस्था मिलाउने कार्यविधिमा उल्लेख छ।

स्थानीय सरकारले दिएको घरधुरीको संख्याअनुसार गरिब तथा अति विपन्न वर्गको पहिचान गरी उनीहरूको सेयरको ग्यारेन्टी सरकारले लिने मन्त्रालयले जनाएको छ। सरकारले जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत देशभर २२ जलविद्युत् आयोजनालाई यसअघि नै अगाडि सारिसकेको छ, जसमा माथिल्लो त्रिशूली, माथिल्लो अरुण, अरुण किमाथांका, घुन्साखोला, सिम्बुवाखोला, रसुवागढी, सान्जेन, अपर सेती, बुढीगण्डकी, भेरी बबई डाइभर्सन, चैनपुर सेतीलगायत छन्।

विपन्न वर्गको जीवनस्तर उकास्न उक्त कार्यविधि संशोधन गरिएको मन्त्रालयका सचिव सुरेश आचार्यले बताए। कार्यविधिबाट सेयर खरिदबिक्रीमा बन्देज र सेयर अन्डरराइटिङ र क्रेडिट रेटिङ व्यवस्था हटाएको छ।

कार्यविधिअनुसार सेयर खरिदका लागि सर्वसाधारण जनतालाई आह्वान गर्दा प्रतिसेयर अंकित मूल्यको न्यूनतम १० प्रतिशतले हुन आउने रकम दरखास्तका साथ माग गर्नुपर्नेछ। तर विपन्न नागरिकको लागि छुट्याइने सेयरको हकमा आयोजनाको ५० प्रतिशत कार्य सम्पन्न भएपश्चात लगानी हुने व्यवस्था कम्पनीले मिलाउनुपर्ने उल्लेख छ ।

### थप पिपिए खोल्न आवश्यक : कुलमान

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले १० वर्षमा २८ हजार ५०० मेगावट विद्युत् उत्पादनको लक्ष्य पूरा गर्न थप पिपिए खोल्न आवश्यक रहेको बताएका छन् । सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै कार्यकारी निर्देशक घिसिङले यस्तो बताएका हुन् । उनले प्राधिकरणले केही समयका लागि आरोआर र पिआरोआरका आयोजनाहरू पिपिएमा स्थगित भए पनि २८ हजार ५०० मेगावटको लक्ष्य पूरा गर्न पिपिए फेरि खोल्नुपर्ने बताए । उनले बजारलाई बन्द गरेर मात्रै नयाँ आयोजनाहरू आउनसक्ने बताए । उनले प्राधिकरणले केही जोखिम लिन नसके अन्य थप आयोजनाहरू आउन नसक्ने बताए । उनले १२ हजार मेगावटको पिपिए सम्झौतामा हस्ताक्षर गरे पनि १२ हजारकै आयोजनाहरू आउन नसक्ने बताए । उनले ६० देखि ७० प्रतिशत पिपिए गरेका आयोजनाहरू आए त्यसले सरकारलाई ठुलो सहयोग पुग्ने बताए । कार्यकारी निर्देशक घिसिङले २८ हजार मेगावटको पिपिएमा वैदेशिक लगानी, प्राधिकरणले गर्ने, रिजर्भर आयोजनाहरू र सोलार पनि समावेश गरिएको बताए । उनले सोलार उत्पादनको लागि प्राधिकरणले करिब ८०० मेगावटको माग गर्दा ३ हजार ६०० मेगावटको प्रस्ताव आएको बताए ।

उनले विद्युत् प्राधिकरणले सोलारलाई जलविद्युत्लाई प्राथमिकता दिनुपर्ने अवस्था रहेको बताए । उनले सुक्खा समयमा प्राधिकरणले विद्युत् माग पूरा गर्न नसक्ने अवस्था रहेको बताए । उनले प्राधिकरणले २०० मेगावटका सोलार आयोजना अगाडि बढाएको बताए । नेपालमा २८ हजार मेगावटको पिपिए भयो भने आरोरा र पिआरोआर आयोजना ३० हजारभन्दा बढी आउने नदेखिएको बताए ।

## कार्यक्रम निजी क्षेत्रलाई पनि समेटनुपर्छ : खत्री



काठमाडौं । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का कार्यवाहक अध्यक्ष भरतबहादुर खत्रीले सरकारको यो योजना एकदमै राम्रो भएको बताए । यो कार्यविधि दोस्रो संशोधन सरकारी आयोजनामा मात्रै नभई निजी क्षेत्रका आयोजनामा पनि यो कार्यविधि लागू गर्नुपर्ने उनले बताए ।

उनले भने, 'धनी मात्र सेयर किन्ने अवस्था रहेकोमा यो योजना लागू भएपछि गरिबले पनि सेयर किन्न पाउनेछन्, जुन कुरा एकदमै राम्रो हो तर यसको कार्यान्वयन चुनौतीपूर्ण छ ।' हाल २२ आयोजनामा मात्रै यो कार्यविधिलाई सीमित नराख्न खत्रीले आग्रह गरे । उनले भने, 'सरकारले अहिलेसम्म बनाएका आयोजनाहरूमा धेरै लागत परेको धेरै समय लागेको छ । यसरी आयोजनाको लागत बढ्दै जाने र समयमै सम्पन्न नहुने हो भने गरिबलाई त झन् गरिब बनाउनेछ यतापट्टीचाहिँ सरकारले सोच्न जरुरी छ ।'

कार्यविधिअनुसार काम काम गर्न राम्रोसँग अध्ययन गरेर थप विस्तृत बनाउनुपर्नेमा उनले जोड दिए । उनले भने, 'लागत, अवधी र फाइदा तथा बेफाइदाका विषयमा राम्रोसँग अध्ययन गरेर काम गर्नु जरुरी छ ।'

यसलाई प्रभावकारी बनाउन आर्थिक र प्राविधिक कुरा राम्रोसँग अध्ययन गरेर मापदण्ड बनाउन उनले सुझाव दिए । उनले भने, 'ऋणको जमानी बस्ने, ऋणको जिम्मा लिने कुरा हामी निजी क्षेत्र पनि तयार छौं । जस्तै कति लागतमा कति समयमा बन्ने कुराको ग्यारेन्टी हुनुपर्छ । जोखिमलाई हेरेर प्रस्ट मापदण्ड बनाइनु पर्दछ ।'

यस्तो अति सुस्त सरकारी संयन्त्र भएको अवस्थामा कार्यान्वयन गर्न निकै चुनौती रहेको उनले बताए । आयोजना समयमै सम्पन्न भएर आम्दानी दिन थालेपछि त गरिबले राहत पाउलान् तर आयोजना लम्बियो, समयमै सकिएन र लागत बढ्यो भने त गरिब झन् गरिब हुने अवस्था आउन सक्छ ।

# होटल क्षेत्रको भविष्य जोखिममा

## व्यवसायीद्वारा स्पष्ट नीतिगत निर्देशिका माग

■ सौर्य समाचार

काठमाडौं । व्यवसायीहरूले होटल व्यवसायलाई उद्योगको मान्यता दिनुपर्ने माग गरेका छन् । होटल उद्योगको पछिल्लो अवस्थाबारे काठमाडौंमा आयोजित अन्तरक्रियामा सहभागी व्यवसायीले यस्तो माग गरेका हुन् । होटल व्यवसायलाई उद्योगको मान्यता दिएर उद्योग अनुसारकै सेवा सुविधा उनीहरूको माग गरेका हुन् ।

होटल व्यवसायीले सरकारबाट स्पष्ट नीतिगत निर्देशिका माग गरेका छन् । तारे होटलको मापदण्ड पुनरावलोकन, इन्धन र विद्युत् सहुलियत र होमस्टे व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरिएको थियो । क्षमता बढे पनि पर्यटक आगमन बढ्न नसकेको भन्दै होटल व्यवसायीले चिन्ता व्यक्त गरेका छन् । होटल एसोसिएसन नेपाल (हान) का अध्यक्ष विनायक शाहले नेपालमा होटल संख्या र पर्यटक आगमन अनुपातमा ठूलो असन्तुलन रहेको बताए ।

उनले नेपालमा वार्षिक ३०-३५ लाख पर्यटक राख्न सक्ने क्षमता भए पनि आगमन संख्या करिब १०-१५ लाखमै सीमित रहँदा होटल क्षेत्रको भविष्य जोखिममा रहेको बताए । हवाई भाडा महँगो हुनु, होटलको सेवा मूल्यमा गिरावट आउनु र डिसेम्बर-जनवरी महिनामा बुकिङ घट्नुले होटल व्यवसाय थप समस्यामा परेको विषयमा अध्यक्ष शाहले चिन्ता व्यक्त गरे ।

त्यसैगरी पर्यटन विभागका महानिर्देशक डा. नरायणप्रसाद रेग्मीले सरकारी र निजी क्षेत्रको सहकार्यबाट समस्या समाधानको दिशा पहिल्याउन सकिने बताए । उनले होटलहरूमा एमआरपीसम्बन्धी समस्या रहेको बताए । पूर्वपर्यटन सचिव दीपेन्द्रपुरुष ढकालले होटल निरीक्षण, गुणस्तर मापदण्ड र अधिकतम खुद्रा मूल्यको मुद्दा, निगरानी, नियमन मापदण्ड र व्यवसाय संरक्षण, म्युजिक रोयल्टी कलेक्सनलगायत मुद्दामा समस्या रहेको बताए ।

ढकालले पर्यटन नीतिमा दीर्घकालीन योजनाभन्दा छोटो अवधि लक्षित योजनामा ध्यान दिनुपर्ने सुझाव दिए । उनले भैरहवा विमानस्थलको सही उपयोग र आन्तरिक सडक तथा हवाई कनेक्टिभिटी सुधार गर्न सरकारको ध्यानाकर्षण गराए । पर्यटन सचिव डा.गणेशप्रसाद पाण्डेले वार्षिक पर्यटक लक्ष्य राखेर हरेक वर्ष सुधारमा ध्यान दिँदै पर्यटन दशक मनाइने बताए । पर्यटक बसाईं अवधि (लेन्थ अफ स्टे) बढाउन नयाँ होटल थप्नेभन्दा सेवा र अनुभव सुधार्न केन्द्रित हुनुपर्ने उनको भनाइ छ ।

त्यस्तै अध्यागमन विभागका महानिर्देशक गोविन्दप्रसाद रिजालले मुलुकलाई पर्यटकमैत्री बनाउन विमानस्थल तथा नाकाका अध्यागमन चुस्तदुरुस्त बनाउने बताए । पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले पर्यटन पूर्वाधार, अन्तर्राष्ट्रिय विमानस्थलहरूको मार्केटिङ र डिजिटल प्रविधि अभावले नेपालमा पर्यटकको अनुभव कमजोर बनिरहेको बताए । उनले ई-भिसा र ई-पेमेन्ट प्रणाली तत्काल लागू गर्नुपर्ने आवश्यकता औंल्याए ।

# कतार एयरवेजल रोक्यो भैरहवा उडान

■ सौर्य समाचार

काठमाडौं । भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान भर्दै आएको कतार एयरवेजले उडान स्थगित गरेको छ । एयरवेजले १५ मंसिरदेखि उक्त उडान रोकेको हो । कतार एयरवेजले गत २७ कात्तिकदेखि भैरहवामा वाइडवडी विमान एयरबस ३३० मार्फत दोहा-भैरहवा-काठमाडौं-दोहा रुटमा दैनिक व्यावसायिक उडान गर्दै आएको थियो । विमान कम्पनीले यही १५ मंसिरसम्म रहेको भैरहवा विमानस्थलको उडान अनुमति नवीकरण गरेको छैन । कतार एयरवेजले भैरहवाबाट पुनः उडान अनुमति नलिएको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणकाले १६ मंसिरपछि पनि उडानका लागि प्रस्ताव पेस गर्न इमेलमार्फत पत्राचार गरिएकोमा एयरवेजले जवाफ पठाएको छैन । यो समयावधिमा कतार एयरवेजले भैरहवाबाट ३८ वटा उडान-अवतरण गरेको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले जनाएको छ । हाल भैरहवा विमानस्थलबाट नेपाल एयरलाइन्स, जजिरा एयरवेज, फ्लाई दुबई र थाई एयर एसियाले नियमित उडान भर्दै आएका छन् ।


कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ, कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

(प्रकाशित मिति २०८१/०८/१९)

यस गाँउपालिकाबाट तपशिल बमोजिमको योजना खरिद प्रकृयाबाट संचालनको लागि E-Bidding मार्फत बोलपत्र माग गरिए अनुसार पेश हुन आएका तपशिल बमोजिमका बोलपत्रदाताले पेश गरेका बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को दफा ५४ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रपत्रदाताहरुको जानकारीको लागि आसयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | ठेक्का नम्बर | योजनाको नाम | छनौट भएको वोलपत्र/दरभाउपत्र | कबोल अंक रु. (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | ठेक्का नं. KRM/NCB/W/05/080/081 | सिंघियाखोला तटबन्धन निर्माण, कटहरी-१ र २ | श्री एस.एन.एस./पुर्बेली जे.भी. कपन, काठमाण्डौं | १,७४,८६,२९५।५० |

प्रमुख प्रशासकीय अधिकृत



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
**ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना**

प्रकाशित मिति: २०८१/०८/१९

यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

तपसिल

**शाखा कार्यालयः कर्सिया, मोरङ (साविक सिर्जना फाईनान्स लिमिटेड)**

**१. ऋणीको नाम र ठेगाना**

श्री मिन्तु दास मण्डलको नाति, श्री महादेव मण्डलको छोरा, श्रीमति रुणा कुमारी मण्डलकी पति, साविक मोरङ जिल्ला, सोराभाग गा.वि.स. वडा नं.०६ स्थाई ठेगाना भई हाल कोशी प्रदेश मोरङ जिल्ला धनपालथान गा.पा वडा नं. ०३ बस्ने श्री **नागेश्वर प्रसाद सिंह** (ना.प्र.नं. २६६७४, जारी मिति २०५३/०१/१७, मोरङ)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री मिन्तु दास मण्डलकी बुहारी ,श्री महादेव मण्डलकी छोरी, श्री महादेव मण्डलकी पत्नी साविक सोराभाग गा.वि.स. वडा नं.०६ स्थाई ठेगाना भई हाल कोशी प्रदेश मोरङ जिल्ला धनपालथान गा.पा वडा नं. ०३ बस्ने श्रीमति **सतनी देवि मण्डल** (ना.प्र.नं. ३२०३२, जारी मिति २०३५/०९/०२, मोरङ)
२. श्री महादेव मण्डलकी बुहारी ,श्री मोति चन्द मण्डलकी छोरी, श्री नागेश्वर प्रसाद सिंहकी पत्नी साविक मोरङ जिल्ला, सोराभाग गा.वि.स. वडा नं. ०३ स्थाई ठेगाना भई हाल कोशी प्रदेश मोरङ जिल्ला धनपालथान गा.पा वडा नं. ०३ बस्ने श्रीमती **रुणा कुमारी मण्डल** (ना.प्र.नं. ०५२०६१/७०९७ जारी मिति २०६८/०२/२३, मोरङ)

**२. ऋणीको नाम र ठेगाना**

श्री सम्पत लाल खवासकी बुहारी, श्री महेन्द्र सिंह खवासकी छोरी, श्री गुहि लाल खवासकी पत्नी, साविक मोरङ जिल्ला, दादरबैरिया गा.वि.स. वडा नं.०५ स्थाई ठेगाना भई हाल कोशी प्रदेश मोरङ जिल्ला धनपालथान गा.पा वडा नं. ०५ बस्ने श्रीमती **ओम कुमारी खवास** (ना.प्र.नं. ०५-०१-७०-१८२८०, जारी मिति २०७०/०६/०९, मोरङ )

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री खेमाई खवासको नाती, श्री सम्पत लाल खवासको छोरा, श्रीमति ओम कुमारी खवासको पति साविक मोरङ दादरबैरिया गा.वि.स. वडा नं.०५ स्थाई ठेगाना भई हाल कोशी प्रदेश मोरङ जिल्ला धनपालथान गा.पा वडा नं. ०५ बस्ने श्री **गुहि लाल खवास** (ना.प्र.नं. ३९२।४२), जारी मिति २०४४/११/२६, मोरङ)
२. श्री खेमाई खवासको नाती, श्री सम्पत लाल खवासको छोरा, साविक मोरङ दादरबैरिया गा.वि.स. वडा नं. ०५ स्थाई ठेगाना भई हाल कोशी प्रदेश मोरङ जिल्ला धनपालथान गा.पा वडा नं. ०५ बस्ने श्री **राम कुमार खवास** (ना.प्र.नं.१०२५/१४४ जारी मिति २०६७/०४/१८ मोरङ)

**शाखा कार्यालयः बागलुङ**

**३. ऋणीहरुको नाम र ठेगाना**

१. श्री हस्त बहादुर खत्रीको नाती, श्री काजिमान खत्री को छोरा, बाग्लुङ्ग जिल्ला बाग्लुङ्ग न.पा.वडा नं ३ स्थाई ठेगाना भई हाल बागलुङ जिल्ला बागलुङ न.पा. वडा नं. ३ बस्ने श्री **कृष्ण खत्री** (ना.प्र. नं. ५०१००१/२०७३९, जारी मिति २०६७/०५/३१, जि.प्र.का. बाग्लुङ)
२. श्री हस्त बहादुर खत्री की बुहारी, श्री काजिमान खत्री की पत्नी, बाग्लुङ्ग जिल्ला कालिका गा.बि.स. वडा नं ३ स्थाई ठेगाना भई हाल बागलुङ जिल्ला बागलुङ न.पा. वडा नं. ३ बस्ने श्रीमती **गंगा कुमारी खत्री** (ना.प्र.नं.९५२, जारी मिति २०४५/०२/११, जि.प्र.का. बाग्लुङ्ग )

**जमानीकर्ताको नाम र ठेगाना**

श्री हस्त बहादुर खत्री को नाती, श्री काजिमान खत्री को छोरा, बाग्लुङ्ग जिल्ला बाग्लुङ्ग न.पा. वडा नं ३ स्थाई ठेगाना भई हाल बागलुङ जिल्ला बागलुङ न.पा. वडा नं. ३ बस्ने श्री **गोपाल के सी** (ना.प्र.नं. ४२२१-९०७, जारी मिति २०५७/०४/११, जि.प्र.का. बाग्लुङ)

**शाखा कार्यालयः मुर्गिया, रुपन्देही (साविक तिनाउ मिसन डेभलपमेण्ट बैक लि.)**

**४. ऋणीको नाम र ठेगाना**

बासुदेव भण्डारीको नाती, राम लाल भण्डारीको छोरा, अमृता चालिसेको श्रीमान, रुपन्देही जिल्ला पर्रोहा गा.बि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सैनामैना न.पा. वडा नं. ३ बस्ने **कृष्ण भण्डारी** (ना.प्र.नं. ३७२०२७/४४४०, जारी मिति २०६४/०५/१६, जि.प्र.का. रुपन्देही)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. बासुदेव भण्डारीको बुहारी, राम लाल भण्डारीको श्रीमती, जगन्नाथ पोखेलको छोरी, रुपन्देही जिल्ला पर्रोहा गा.बि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सैनामैना न.पा. वडा नं. ३ बस्ने **केशरा भण्डारी** (ना.प्र.नं. ३७२०२७/५५३९०, जारी मिति २०६६/०६/२३, जि.प्र.का. रुपन्देही)
२. राम लाल भण्डारीको बुहारी, कृष्ण भण्डारीको श्रीमती, अग्निधर उपाध्यायको छोरी, रुपन्देही जिल्ला सेमलार गा.बि.स. वडा नं. ५, स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सैनामैना न.पा. वडा नं. ३ बस्ने **अमृता चालिसे** (ना.प्र.नं. ३७२०२५/६५६८३, जारी मिति २०६७/१२/११, जि.प्र.का. रुपन्देही )

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

# एनपिएलमा चितवन र सुदूरपश्चिमको जित



■ सौर्य समाचार

काठमाडौँ । नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटमा सुदूरपश्चिम रोयल्सले विजयी सुरुआत गरेको छ । कीर्तिपुर स्थित त्रिवि क्रिकेट मैदानमा मंगलबार भएको खेलमा सुदूरपश्चिमले विराटनगर किंग्सलाई ९० रनले हराएको हो । विराटनगरको यो लगातार दोस्रो हार हो ।

सुदूरपश्चिमले दिएको १८३ रनको लक्ष्य पछ्याएको विराटनगरले १६ ओभर १ बलमा ९२ रन जोड्दै सम्पूर्ण विकेट गुमायो । विराटनगरका लागि बसिर अहमदले सर्वाधिक २४ रन जोडे । यस्तै, राजेश पुलामीले १५ तथा अनिल खरेलले ११ रन बनाए । अन्य खेलाडीले दोहोरो अंक जोड्न सकेनन् । सुदूरपश्चिमका लागि स्कट कुगेलेन र अविनास बोहोराले समान ३ विकेट लिए । सेफ जेब, इशान पान्डे र ब्रेन्डन मक्मलेनले पनि समान १ विकेट लिए ।

यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १८२ रन बनाएको थियो । सुदूरपश्चिमका लागि दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ५७ रन जोडे । यस्तै, ब्रेन्डन मक्मेलनले ३६, विनोद भन्डारीले २३, इशान पान्डेले २१ रन बनाए । विराटनगरका लागि अनिल खरेलले ३ तथा इस्मत आलम, बसिर अहमद र क्रिस सोलले समान १ विकेट लिए । जितसँगै सुदूरपश्चिमले २ अंक जोडेको छ । आफ्ना दुबै खेलमा पराजित विराटनगर अंकविहीन छ ।

एनपिएलअन्तर्गत मंगलरबारको दोस्रो खेलमा चितवन राइनोजले पोखरा एभेन्जर्सलाई ८७ रनले हराएको हो । सोहल तनबिर र रिजन ढकालले घातक बलिङ गरेपछि पोखरा एभेन्जर्सले फराकिलो हार भोगेको हो ।

कीर्तिपुर मैदानमा यी २ बलरले १६२ रनको चुनौती पछ्याउँदै जवाफी ब्याटिङमा उत्रिएको पोखराका ब्याटरलाई धरासायी बनाएका हुन् । चिवतनले दिएको १६२ रनको लक्ष्य पछ्याएको पोखराले १३ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै मात्रै ७४ रन मात्र जोड्न सफल भएको थियो ।

टस जितेर जवाफी ब्याटिङमा उत्रिएको पोखरालाई सुरुआती बलमै झट्का लागेको हो । ओपनर तथा कप्तान कुशल भुर्तेल पहिलो बलमा नै रनको खाता नखोली आउट भए । सोहल तनबिरले रवि बोपारमार्फत् क्याच आयट गराए ।

पोखरालाई झट्का लाग्ने क्रम रोकिएन । पहिलो ओभरमै ३ विकेट खस्यो । दिलीप नाथ पहिलो ओभरको पाँचौं बल र बास दे लिडे पहिलो ओभरको अन्तिम बलमा आउट भए ।

दोस्रो ओभरमा पोखराले खेल लयमा पर्काउने प्रयास गरेको थियो । कुनै विकेट खसेन । तर तेस्रो ओभर रिजन ढकाल पोखराका लागि घातक बलर सावित भए । उनले तेस्रो ओभरमा ३ विकेट लिए । रिजनले तेस्रो ओभरको पहिलो बलमा दिनेश खरेल, चौथो बलमा किरण थगुन्ना र अन्तिम बलमा माइकल लिस्कलाई एलबिडब्ल्यु आउट गरे ।

खेल चौथो ओभरमा पुग्दा पोखरा ६ विकेट गुमाएर ७ रनको दयनीय अवस्थामा थियो । म्याथ्यु क्रिचली र नारायण जोशीले खेलमा लयमा फर्काउन कोशिस गरे पनि हारबाट बचाउन सकेनन् । नारायणले २४ बलमा ३ चौका र २ छक्काको सहयोगमा ३० रन जोडे । म्याथ्यु क्रिचलीले १६ बलमा २ चौकाको सहयोगमा १७ रन बनाए । चितवनलाई सहज जित दिलाउन अलराउन्डर लुक बेन्केस्स्टाइनले पनि ३ विकेट लिए ।

# अफगानिस्तानमाथि नेपालको रोमाञ्चक जित



■ एजेन्सी

दुबई । एसिसी यु-१९ एसिया कपमा नेपालले अफगानिस्तानलाई पराजित गरेको छ । पहिलो २ खेलमा पराजयको सामना गरेको नेपालको यो पहिलो जित हो । जितसहित नेपाल ४ टोली समावेश समूहमा तेस्रो स्थानामा रहन सफल भएको छ । मंगलबार युएईको सारजाह क्रिकेट मैदानमा भएको खेलमा नेपालले अफगानिस्तानसँग १ विकेटको जित हात पारेको हो । अफगानिस्तानले टस जितेर पहिले ब्याटिङ रोजेको थियो । अफगानिस्तानले ३५ दशमलव ४ ओभरमा सबै विकेट गुमाउँदै १२३ रन बनाएको थियो । नेपालले ४१ दशमलव ३ ओभरमा ९ विकेटको क्षतिमा १२४ रन बनाएको हो । नेपालका लागि नरेन साउदले सर्वाधिक २६ रन बनाए । कप्तान हेमन्त धामीले २२ रन र अर्जुन कुमालले २१ रन बनाएका थिए ।

अफगानिस्तानका लागि फैसल खानले अर्धशतक प्रहार गर्दा अरू ब्याटर सस्तैमा आउट भए । सन्तोष यादवको बलमा एलबिडब्लूको धरापमा पर्नुअघि उनले ६७ बलमा ४ चौका र २ छक्का प्रहार गरे ।

त्यसअघि नेपालले उत्कृष्ट सुरुआत गरेको थियो । नेपालले अफगानिस्तानका दुवै ओपनरलाई शून्यमा आउट गरेको थियो । खेलको पहिलो ओभरको तेस्रो बलमा नेपालका कप्तान हेमन्त धामीले अफगानिस्तानका ओपनर तथा कप्तान महबुब खानलाई शून्यमा बोल्ड गरे । अर्को ओभरमा अभिषेक तिवारीले अर्का अफगान ओपनर उजाइरुल्लाह निएजाइलाई पनि शून्यमै बोल्ड गरे । त्यसपछि पनि नेपाली बलरले उत्कृष्ट बलिङ गर्दै अफगान ब्याट्सम्यानलाई खुलेर खेल्न दिएनन् । युनिस विक्रम सिंह ठकुरी र सन्तोष यादवले अफगानिस्तानका मध्यक्रमका ब्याटरलाई खुलेर खेल्न दिएनन् । दुवैले ३-३ विकेट लिए । युनिसले १० ओभरमा ३ मेडन राख्दा २४ रन खर्चिए । सन्तोषले ४ दशमलव ४ ओभरमा २२ रन दिए । कप्तान हेमन्त र अभिषेकले समान २ विकेट लिए । हेमन्तले ८ ओभरमा १ मेडन राख्दा ३७ रन दिए । अभिषेकले ६ ओभरमा १७ रन खर्चिए । समूह 'बी' मा रहेका दुवै टोली यसअघि नै समूह चरणबाट बाहिरिसकेका छन् । दुवै टोलीले यसअघि श्रीलंका र बंगलादेशविरूद्ध हार बेहोरेका थिए ।

## कला

# कमेडी रियालिटी सो 'मिमिक्री किङ' आउँदै




■ सौर्य समाचार

काठमाडौँ । नयाँ कमेडी रियालिटी सो 'मिमिक्री किङ' आउने भएको छ । सिकाइको पाठशाला स्लोगन दिइएको यस रियालिटी सोमा क्यारिकेचर कमेडियनहरू सहभागी हुन सक्नेछन् । दक्षयानी प्रोडक्सनको ब्यानरमा बन्ने यो सोको अहिले सेट डिजाइनको काम भइरहेको छ ।

'मिमिक्री किङ्स'लाई कमेडियन दिनेश काफ्लेले निर्देशन गर्दैछन् । काफ्लेका अनुसार सो आगामी फागुनसम्म प्रसारण गर्ने तयारी भइरहेको छ । सोको डिजिटल राइट्समा ओएसआर डिजिटल रहेको छ । यस्तै सो एक राष्ट्रिय टेलिभिजनमार्फत पनि प्रसारण हुनेछ । 'हामी अहिले स्टुडियोको काममा ब्यस्त छौँ, यो सो नेपालका लागी मात्र नभई वर्ल्डमै फरक हुनेमा ढुक्क छौँ, हामीले बुझ्ेअनुसार मिमिक्री गर्नेहरूका लागी छुट्टै सो बनेको छैन', निर्देशक काफ्लेले भने, 'छिट्टै हामी डिजिटल अडिसन खुलाउने तयारीमा छौँ ।' उनका अनुसार सोमा ३ निर्णायक हुनेछन् । भने एक मिमिक्री निर्णायक छुट्टै हुनेछ । काफ्लेले अगाडि भन्छन्, 'मिमिक्रीसँगै अभिनय गर्नेहरूलाई लक्षित गरेर निर्णायक टिम बनाउँदै छौँ ।'

शोको विजेतालाई १ कार र नगद उपहार प्रदान गरिने घोषणा गरिएको छ । साथै विजेताले विदेशका केही कार्यक्रममा प्रस्तुति दिने अवसरसमेत पाउनेछन् ।

# स्टार दक्षिण कोरियाली अभिनेताको निधन

■ एजेन्सी



बेइजिङ । दक्षिण कोरियाका चर्चित अभिनेता पार्क मिन जेको निधन भएको छ । ३२ वर्षीय अभिनेताको मृत्यु कार्डियक अरेस्टका कारण भएको बताइएको छ ।

कोरियाली सञ्चार माध्यमका अनुसार उनी चीनमा बिदा मनाउन गएका थिए । त्यहीँ उनको मृत्यु भएको बताइएको छ । मृत्युको खबर अभिनेताको परिवार र उनको एजेन्सीले सामाजिक सञ्जालमा एउटा पोस्टमार्फत दिएका हुन् । उनको अन्तिम संस्कार इवाह सोल अस्पतालमा नोभेम्बर ४ मा गरिने बताइएको छ । जेले कैयौँ कोरियाली ड्रामा फिल्म र सिरिजमा काम गरेका छन् ।

उनी सबैभन्दा धेरै भने कोरियाली ड्रामा सिरिज 'आइडल : द कूप'का चर्चित थिए । यसबाहेक उनले लिटल वुमन, नम्बर्स, कोरियन-खितन वार, कल इट लभ जस्ता ड्रामामा पनि काम गरेका छन् । उनले हालै स्न्याप एन्ड स्पार्क नाम गरेको ड्रामामा काम गरेका थिए ।

# 'ममी' माघमा रिलिज हुने



■ सौर्य समाचार

काठमाडौँ । अभिनेत्रीद्वय प्रियंका कार्की र दीया मास्केको मुख्य भूमिका रहेको फिल्म 'ममी' आगामी २५ माघमा प्रदर्शनमा आउने भएको छ । मंगलबार निर्माण युनिटले फिल्मको फस्टलुक सार्वजनिक गर्दै २५६ माघलाई प्रदर्शन मिति घोषणा गरेको हो ।

फस्टलुक एउटा ठुलो रुखको फेदमा घर अनि प्रियंका र दीयालाई सोही रुखको आकारमा प्रस्तुत गरिएको छ । पोस्टरमा प्रियंकालाई गम्भीर भावमा प्रस्तुत छिन्, भने दीयाको रगताम्य अनुहारसहित डरलाग्दो अवतारमा देख्न सकिन्छ । हरर फ्यामिली ड्रामा कथामा निर्माण भएको सिनेमाले एक परिवारमा छोरी र कुकुरको दु:खद् निधनपश्चात रहस्यमय कालो बिरालो अपनाएसँगै निम्तने विपत्तिलाई देखाउनेछ ।

एसओ ट्वान्टी फाइभको प्रस्तुतिमा निर्माण भएको फिल्ममा प्रियंका र दीयासँगै सुलक्षण भारती, समीप निरौला, घनश्याम जोशी, आयुषी ढकाल, जेभिस श्रेष्ठ, गुराँस ढकाल, रिना ढकाललगायत कलाकारको अभिनय देख्न सकिन्छ । समर निरौलाको लेखन तथा निर्देशन रहेको फिल्मको लोकराज जोशी र पूर्णिमा जोशी निर्माता अनि सुमन कोइराला कार्यकारी निर्माता रहेका छन् । फिल्म काठमाडौँ उपत्यकामा काफिया फिल्मस् र मोफसलमा कुवेर सिने डिस्ट्रीब्युसनले वितरण गर्दैछन् ।

# काठमाडौँमा संयुक्त 'प्राज्ञिक भेला' आयोजना

■ सौर्य समाचार



काठमाडौँ । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, नेपाल प्रज्ञा-प्रतिष्ठान र नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको संयुक्त आयोजनामा काठमाडौँमा 'प्राज्ञिक भेला २०८१' सम्पन्न भयो ।

उक्त भेलाको उद्घाटन गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले प्राज्ञले राष्ट्रलाई सही बाटोमा लैजान सहयोग पुऱ्याउनुपर्ने बताए ।

प्राज्ञहरूले देशको थिंकट्यांक रूपमा काम गर्नुपर्ने बताउँदै उनले केन्द्र, प्रदेश र पालिकास्तरमा गठन भएका प्रज्ञा-प्रतिष्ठानबीच एकरूपता र तिनले गर्ने कार्यबीच सिमांकन हुनुपर्ने धारणा राखे ।

मन्त्री पाण्डेले भेलाले निकालेको निचोडलाई कार्यान्वयन गर्ने बताए । उनले प्राज्ञिक जगत्ले देश र समाजको हितका लागि चेतनाको निर्माण, नैतिक मूल्य-मान्यताको विकास, सुशासनको प्रत्याभूति दिनका समाजलाई मार्गनिर्देश गर्ने धारणा राखे ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले भेलाले सामाजिक रूपान्तरणमा हाम्रो कला, संस्कृतिलाई कसरी जोड्ने भन्ने विषयलाई उठाएको बताए । उनले भेलामा कला, साहित्य, संस्कृति, गीत-संगीतलगायत समाजसँग जोडिने विषय लोक, भोक र सोखमा आधारित रहेर विशेष छलफल भएको बताए ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले प्राज्ञिक बहसले मुलुकको सफ्टपावर निर्माण गर्ने बताए । उनले भेलाले प्रज्ञा-प्रतिष्ठान र विचार, प्रज्ञा-प्रतिष्ठान र संस्कृति तथा प्रज्ञा-प्रतिष्ठान र ज्ञानमा आधारित भएर छलफल भएको बताए ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानकी कुलपति निशा शर्माले केन्द्र, प्रदेश र पालिकास्तरमा गठन भएका प्रज्ञा-प्रतिष्ठानहरूबीच निरन्तरको समन्वय र सहकार्यले परिणाम दिने बताइन् ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले एकीकृत योजना बनाएर प्रभावकारी ढंगले योजना कार्यान्वयन गर्नका लागि भेला भएका सम्पूर्णलाई स्वागत गरे ।

सो सन्दर्भमा नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदी, नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव कुश्मा महरा 'प्रगति' र नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली' ले आफूले नेतृत्व लिएका प्रतिष्ठानका विविध विषय, आगामी योजना, कार्यक्रम, प्रदेश तथा पालिकास्तरमा गठन गरिएका प्रज्ञा-प्रतिष्ठानबीच एकरूपता लगायतका विविध विषयमा चर्चा गरेका थिए ।

भाषा आयोगका सदस्य डा.पुष्करराज भट्टले नेपालका विभिन्न लोपोन्मुख भाषा, संस्कृतिको संरक्षणमा आयोगले काम गर्दै आएको बताउँदै उनले भेलाले निर्णय गरेको सम्बन्धित क्षेत्रमा आयोगले सहकार्य गर्ने बताए ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी